अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निशुल्क वाइफाई प्रयोग नगरौं। अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपी/पासवर्ड अरुलाई साझा नगरौं।
**सुरक्षितरुपमा वित्तीय कारोबार गरौं।**
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ १२ गते शुक्रवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४७

## इएफटी प्रणालीका कारण सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाइ

ओमप्रकाश चौधरी, सेढवा, ११ माघ/

पर्साका अधिकांश स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता समयमा वितरण नहुँदा सेवाग्राहीहरूले समस्या भोग्नुपरेको छ। नेपाल सरकारले इएफटी प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति ल्याएपछि भत्ता वितरण गर्न ढिलाइ भएको बताइन्छ।

चालू आव २०८०/८१ को दोस्रो किस्ता अर्थात् कात्तिक, मङ्सिर र पुस महिनाको सामाजिक सुरक्षा भत्ता माघ महिनाको दोस्रो सातासम्म वितरण हुन सकेको छैन। एकल महिला, वृद्धवृद्धा, अपाङ्ग र दलित बाल संरक्षण भत्ता वितरण नहुँदा समस्या भएको बताइन्छ।

ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठले नेपाल सरकारले इएफटी प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति ल्याएपछि भत्ता वितरण गर्न ढिलाइ भएको बताए।

जगरनाथपुर गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द रायले सामाजिक सुरक्षा भत्ता रकम छिटै सेवाग्राहीहरूको खातामा जाने बताए। इएफटी प्रणालीमा कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साले प्रत्यक्षरूपमा सेवाग्राहीको खातामा रकम पठाउनेगर्छ। यस प्रणालीमा भत्ता रकम गाउँपालिकाको खातामा नआउने र पालिकाले भत्ता रकम पठाउनु नपर्ने प्रावधान रहेको अधिकृत रायले बताए।



तस्वीर: फाइल

पर्सागढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराईले नगरपालिकाभरिका ७७ जना सेवाग्राहीको बैंक खातामा केवाईसी (ग्राहकको जानकारी) अद्यावधिक नरहेकाले भत्ता रकम कोलेनिका, पर्साले नपठाएको बताए। बैंकले सेवाग्राहीहरूलाई आआफ्नो केवाइसी अद्यावधिक गर्न सूचना जारी गरिसकेको र सोपछि चाँडै भत्ता पठाइने अधिकृत भट्टराईले बताए।

यसैगरी, सखुवाप्रसौनी गाउँपालिका–१ की एकल महिला असिया देवीले भत्ताकै भरमा परिवारको पालनपोषण नहुने भएपनि सो भत्ताबाट परिवारका धेरैजसो आवश्यकता पूरा हुने गरेको बताइन्। आर्थिक अवस्था सबल रहेका व्यक्तिलाई भत्ताको रकमको खासै आवश्यकता नभए पनि गरीब परिवारलाई समयमा भत्ता नपाउँदा समस्या हुने गरेको बताइन्। विगतमा यस किस्ताको भत्ता रकम माघी (खिचडी)भन्दा अगाडि नै भुक्तानी भएकोमा यसपटक माघ महीनाको दोस्रो साता बित्न लाग्दा पनि अत्तोपत्तो नभएको बताइन्।

ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी, धोबिनी गाउँपालिका, पर्सागढी नगरपालिका लगायतका स्थानीय तहहरूमा सामाजिक सुरक्षा भत्ता वितरण हुन सकेको छैन।

यस वर्ष शीतलहर चलेर कठ्याङ्ग्रिदो जाडो भएपछि समयमा भत्ता नपाउँदा समस्या भएको जीराभवानी गापा–३ का जोखन माझी मुसहरले बताए। आर्थिक अवस्था कमजोर रहेका मुसहरले समयमा भत्ता पाएको भए आफूलगायत परिवारका अन्य सदस्यहरूका लागि जाडो छल्न न्यानो कपडा खरीद गर्ने चाहना रहेको बताए। तर पैसा नै नपाउँदा चीसोमा जीवनयापन पनि कठिनपूर्ण भएको बताए। विगतमा जनप्रतिनिधि तथा विभिन्न सङ्घसंस्थाहरूले जाडो छल्न कम्बल दिने गरेकामा यसपटक कसैले कम्बल पनि नबाँडेको मुसहरले गुनासो गरे।

## प्रतिमाचोकमा सडक अतिक्रमणमुक्त



तस्वीर: नितेश कर्ण

प्रस, वीरगंज, ११ माघ/

वीरगंज महानगरपालिका–१५ प्रतिमाचोकमा सडक अतिक्रमण गरी बनाइएका संरचना हटाइएको छ। हुलाकी सडक अन्तर्गत पर्ने उक्त स्थानमा केही व्यक्तिले अतिक्रमण गरेर संरचना बनाएका कारण वर्षौंदेखि हुलाकी सडक निर्माण हुन सकेको थिएन।

सडक निर्माणको ठेक्का लागेसँगै नगरप्रमुख राजेशमान सिंहको पहलमा आज डोजर लगाएर सडक अतिक्रमण गरेर बनाइएका संरचना हटाइएको हो।

प्रतिमाचोकबाट कलैया जाने डेढ सय मिटर सडक निर्माणका लागि अभी कन्स्ट्रक्शनले ठेक्का पाएको छ। २०८१ जेठ ३० गतेभित्र सडक तथा नाला निर्माण सम्पन्न हुनेगरी ठेक्का भएको डिभिजन सडक कार्यालय, हेटौंडाका डिभिजन प्रमुख एवं इन्जिनीयर राजेशकुमार यादवले बताए।

## समाजवादी प्रेस सङ्गठनको जिल्ला सम्मेलनको तयारी पूरा

प्रस, वीरगंज, ११ माघ/

समाजवादी प्रेस सङ्ठन नेपाल पर्साको जिल्ला सम्मेलनको तयारी पूरा भएको छ।

१२ गते शुक्रवार हुने जिल्ला सम्मेलनमा सङ्ठनका क्रियाशील सदस्यहरूको सदस्यता

(बाँकी पाँचौं पातामा)

## हिमालयन डिस्टिलरीद्वारा विद्यालयलाई डेस्कबेन्च सहयोग

प्रस, परवानीपुर, ११ माघ/

वीरगंज–२१ लिपनीबिर्तामा सञ्चालित हिमालयन डिस्टिलरीले नेरामावि, सोलखपुरलाई ५० थान बेन्चडेस्क सहयोग गरेको छ।

विद्यालयमा कार्यक्रम आयोजना गरी उद्योगका स्टोर अधिकृत शङ्कर अधिकारीको टीमले प्रअ राजु मालीलाई बेन्च, डेस्क हस्तान्तरण गरेको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हीरा पञ्जियारको अध्यक्षता एवं वीरगंज–३१ बेलवाका अध्यक्ष जीतेन्द्रप्रसाद यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा दाता उद्योगका कर्मचारीहरूलाई खादा ओढाएर सम्मान गर्नुका साथै विद्यालयले आगामी २०८१



तस्वीर: प्रतीक

सालमा स्थापनाको ७० वर्ष पूरा गरेको अवसरमा हिरक महोत्सवमा सम्मान गर्ने विद्यालयले जनाएको छ। विद्यालयमा विद्यार्थी सङ्ख्या बढेको र डेस्क, बेन्चको अभाव भएपछि वडाध्यक्ष र विव्यसले उद्योग व्यवस्थापन पक्षसँग सहयोगको लागि आग्रह गरेका थिए। एक सेट डेस्क, बेन्चको आठदेखि १० हजार खर्च पर्छ।

## हात्तीले आधा दर्जन मानिसको घर भत्कायो



तस्वीर: प्रतीक

प्रमोद यादव, पंचगावाँ, ११ माघ/

जङ्गली हात्तीले पटेर्वासुगौली गाउँपालिकामा आधा दर्जन स्थानीयको घर भत्काउनुका साथै खाद्यान्न नष्ट गरेको छ।

पटेर्वासुगौली गाउँपालिका–१ रामभौरीभाठाका श्यामसुन्दर महतो, रमेश चौधरी, सहदेव चौधरी र वडा नं ३ बस्ने ध्रुव सहनीको घर जङ्गली हात्तीले भत्काउनुका साथै अन्न खाएर नष्ट गरेको छ।

त्यस्तै, हात्तीले वडा नं ३ स्थित रामजानकी मन्दिरको पर्खाल भत्काएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए। यसैगरी, सखुवाप्रसौनी गापा–१ खजुरियामा बुधन यादवको गोठमा रहेको गाईलाई बाघले आक्रमण गरेर घाइते बनाएको छ।

## अत्यधिक चीसोले तोरी बाली भित्र्याउन समस्या

बलिराम शुक्ला, बिरवागुठी, ११ माघ/

पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा किसानले लगाएका तेलहन बाली तोरी भित्र्याउने समयमा शीतलहरका कारण अत्यधिक चीसो भएपछि समस्यामा परेका छन्। घाम नलागेको कारण किसानले तोरीबाली भित्र्याउन सकेका छैनन्।



तस्वीर: प्रतीक

गत वर्ष राम्रो उत्पादन भएको तोरी यस वर्ष किसानहरूले बढी मात्रामा खेती गरेका थिए। तोरीको स्थानीय जातमा फल राम्रो लागेको भएपनि शीतलहरका कारण भित्र्याउन समस्या भएको हो।

घाम लाग्ने आसमा तोरीको बोट उखेलेका किसानहरू शीतलहरका कारण खेतमैं थन्काइएको छ। घाम नलागेपछि दाइँ गर्न तथा हार्भेस्टर मेशीनको प्रयोग गर्न सकेका छैनन्। शीतलहरले तोरीमा ढुसी लाग्न थालेको र दानामा चिम्री पर्ने देखिएको छ। जसले गर्दा तेलको उत्पादनमा कमी आउने पर्सागढी नगरपालिका–३ का किसान दामोदरी दाहालले बताइन्।

सखुवाप्रसौनी गाउँपालिका–१ निवासी हरि केसीले ढिलो पाक्ने विकासी जातको तोरीबालीमा पनि अत्यधिक चीसोका कारण फूल फुलेर कोसा लाग्ने समयमा पश्चिमी शीतलहरका कारण कोसामा दाना कम मात्रामा लाग्ने र लागेको दाना पनि पुष्ट नहुने समस्याले चिन्ता बढाएको बताए। पर्सागढी, सखुवाप्रसौनी, पटेर्वासुगौली, ठोरीलगायतका ग्रामीण भेगमा किसानहरूले ठूलो मात्रामा तोरीखेती गरेका छन्।

**भारतको ७५औं गणतन्त्र दिवसको** उपलक्ष्यमा समस्त भारतीय नागरिक तथा भारतीय महावाणिज्य दूतावासमा कार्यरत मित्रहरुमा हार्दिक मङ्गलमय शुभकामना !

**प्रतीक दैनिक परिवार**

Warm Wishes From

**Surya Nepal Private Limited**
**Simara, Bara**

**India's 75th Republic Day**
**2024**

## विचारसार र सूक्तिहरू

**परीक्षा विद्यालय, महाविद्यालयमा मात्र हुँदैन । त्यहाँको परीक्षा त शिक्षा प्राप्त गरेसँगै छुट्छ तर जीवनको परीक्षा पाइला–पाइलामा दिइरहनुपर्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# गरेर देखाउनुपऱ्यो

**जिल्ला प्रशासन कार्यालय पर्सा, बारा र रौतहटमा नयाँ प्रमुख जिल्ला अधिकारीहरू बहाल भएका छन् । पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको रौतहटमा सरुवा भएको छ भने पर्सामा दिनेशसागर भुसाल र बारामा शशीधर घिमिरे आएका छन् । हप्ता दिनको अवधिमा तीनैजना प्रजिअले आआफ्नो क्षेत्रमा कार्यभार सम्हाल्दै प्राथमिकताका कामहरू सार्वजनिक गरेका छन् । जिल्ला प्रशासन कार्यालयबाट नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र जारी हुन्छन् । यसका साथै जिल्लाभरिका कार्यालयहरूको नियमन गर्ने, सेवाप्रवाह चुस्तदुरुस्त पार्ने, बेथितिहरूलाई सुधार गरी सेवाग्राहीलाई सहजता प्रदान गर्ने अनि कालोबजारी, अवैध आयात–निर्यात बन्द गर्ने, सङ्घसंस्थाहरूको दर्ता अभिलेख राख्ने, अनुचित लेनदेन (मिटरब्याजी)सम्बन्धी विवाद छिनोफानो गर्नेलगायतका जिम्मेवारी पनि छन् । जुन ठाउँमा उनीहरू थिए, त्यहाँ उनीहरूले आआफ्नो जिम्मेवारीलाई कसरी निर्वहन गरेका थिए र आएका जिल्लामा उनीहरूले निर्वहन गर्नुपर्ने जिम्मेवारीमध्ये के के चुनौतीहरू छन्, त्यसको पहिचान नै नगरी 'रेडिमेड' तवरबाट प्रस्तुत भएका देखिन्छन् ।**

**समान जिम्मेवारीबाट आएकाहरूले पुराना ठाउँमा देखेका समस्याहरूलाई नयाँ ठाउँमा निराकरण गर्ने प्रतिबद्धता जाहेर गर्नु र जाने क्रममा पुराना समस्यालाई ज्यूँका त्यूँ राखेर जाने प्रवृत्तिका कारण पर्सा, बारा र रौतहट जिल्लामा समस्याहरू पुरानै छन् । नेपाली वंशज नागरिकताको प्रमाणपत्र एकै दिनमा उपलब्ध गराउने प्रणालीको विकास हुन सकेको छैन, अपवादबाहेक । अपवाद किन भने सोर्सफोर्स, सिफारिश, नातागोता र चिनजानबाहेककाले यो कार्यालयबाट सहज सेवा पाउन सक्ने अवस्था सिर्जना भएकै छैन । अहिलेसम्म एकजना प्रजिअले पनि आफ्नो कार्यकालमा एउटा कुरामा सुधार ल्याउन सकेको भए यो अवधिसम्म आएका प्रजिअहरूको गणना गर्दा लगभग सबै समस्याको समाधान भइसक्नुपर्ने थियो । तर नयाँ आउनेहरूले सुधारका कुराहरू गर्ने र आफ्नो कार्यकाल पूरा गरेर जाने अनि फेरि नयाँ आउनेले उही कुरालाई पूरा गर्छु भनेर प्रतिबद्धता जाहेर गर्नेबाहेक कुनै परिवर्तन हुन सकेको छैन । देखाउनको लागि नागरिक बडापत्र ठूल्ठूला अक्षरमा लेखेर राखिएको छ तर सोअनुरूपका कागजातहरूसहित सेवाका लागि जाने सेवाग्राहीहरूलाई अनेकन बहाना देखाएर समयमा सेवा प्रदान गरिंदैन । गुनासो लिएर प्रजिअसमक्ष जाने सेवाग्राहीको काम किन भएन भनेर सोध्नेसम्मको कार्य प्रजिअले गरिदिंदैनन् ।**

**त्यसैले सानोभन्दा सानो कामको लागि पनि चिनजान, भनसुन, सोर्स, सिफारिश गर्नैपर्ने प्रवृत्तिको विकास भएको छ । सेवाग्राहीको समस्या सातामा एक दिन पनि प्रजिअले सुनिदिने हो भने समस्याहरूबाट जेलिनुपर्दैन थियो । अहिले आवेदन लिनेसम्मका कामहरू अनलाइन गरिएको छ तर अनलाइनको नाममा सेवाग्राहीले भोग्दै आएका समस्याहरूको पहिचान गर्ने र त्यसको निराकरण गर्नेतर्फ प्रयास गरिएको छैन । प्रविधि लागू गरिएपछि त्यो सेवाग्राहीमैत्री छ/छैन भनी विचार पुऱ्याउनुपर्छ । अनलाइन आवेदन भर्ने अनि सबै काम फेरि 'मेनुवल' गराउनुपर्ने बाध्यता भएपछि सेवाग्राहीलाई सहज सेवा पुऱ्याउन सकिंदैन । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र आदिमा अहिले त्यस्तै कार्य भइरहेका छन् । तसर्थ प्रतिबद्धता जाहेर गर्नुको साटो परिवर्तनको आभास सेवाग्राहीले पाओस् भन्नेतर्फ पहल गर्न जरुरी छ ।**

# गणतन्त्र भारत र हाम्रा सम्बन्ध

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**डा जाकिर हुसेन, फखरूद्दिन अलि अहमद, र डा एपीजे अब्दुल कलाम–मुसलमान, ज्ञानी जैलसिंह–सिख, प्रतिभादेवी पाटील–महिला, दलित–केआर नारायण र रामनाथ कोविद र आदिवासी जनजातिबाट श्रीमती द्रौपदी मुर्मू (वर्तमान राष्ट्रपति)ले राष्ट्रपति बन्ने अवसर पाए ।**

दक्षिण छिमेकी भारत आफ्नो ७५औं गणतन्त्र दिवस मनाइरहेको छ । आजकै दिन सन् १९५० मा भारतको संविधान जारी भएको थियो । यसको साढे सात दशक लामो संवैधानिक यात्रा नेपालजस्ता नवोदित गणतान्त्रिक मुलुकहरूका निम्ति प्रेरणाका स्रोत हुन सक्दछ । १४० करोड जनसङ्ख्या, धार्मिक, जातीय एवं भाषिक विविधता र विशाल क्षेत्रफलका बावजूद त्यहाँका जनतामा अभूतपूर्व राष्ट्रप्रेम र एकता देख्न सकिन्छ । त्यहाँका जनताले देशको संविधानलाई सर्वोपरि मानेका छन् र प्रत्येक समस्याको समाधान लोकतान्त्रिक तरीकाले र संविधानको परिधिभित्रै रहेर समाधान भएको हेर्न चाहन्छन् । भारतको सफल सङ्घीयता, उच्च कोटीको लोकतन्त्र र निरन्तर समृद्ध हुँदै गएको गणतन्त्रको चारैतिर प्रशंसा गरिन्छ । भारतको संविधानमा आवश्यकता अनुसार संशोधन भएका छन् । प्रत्येक संशोधनले त्यहाँको लोकतन्त्रलाई बलियो नै बनाएको छ ।

विश्वको पाँचौं अर्थव्यवस्था बनेको भारत चाँडै चौथो अर्थ व्यवस्था बन्ने दिशामा अग्रसर छ । सूचना प्रविधि, अन्तरिक्ष अनुसन्धान, विज्ञान, धार्मिक, शिक्षा, कला, साहित्य एवं सङ्गीतसमेतको क्षेत्रमा यसले अभूतपूर्व उपलब्धि हासिल गरेको छ । विश्वको उदाउँदो महाशक्ति बन्न लागेको भारतको अहिलेसम्मको गणतान्त्रिक यात्रा सफल साबित भएको छ ।

नेपाल र भारत परम्परागत छिमेकी राष्ट्र हुन् । दुई देशका जनताबीचको सम्बन्ध, यसका इतिहासभन्दा पनि पुरानो छ । नेपाल र भारत दुई यस्ता दक्षिण एशियाली मित्र राष्ट्र हुन् जसलाई भूगोल र इतिहास दुवैले एशियाको मार्गचित्रमा गाँसिदिएको छ । खुला सिमाना, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक सम्बन्धले हामीबीचको मित्रतालाई अझ बढी प्रगाढ बनाइदिएको छ । अर्को शब्दमा भन्नुपर्दा यी दुई देश बीचको भौगोलिक सन्निकटता, आर्थिक अन्तर्सम्बन्ध र सामाजिक, सांस्कृतिक आदानप्रदान आदिका कारण यो आपसी सम्बन्ध राज्यस्तरमा मात्रै सीमित नभई जनस्तरमासमेत गहिरो र फराकिलो रहेको छ । यस बहुआयामी सम्बन्धलाई थप प्रगाढ बनाउन दुवै देशका सरकार, जनता र सामाजिक सङ्घसंस्थाहरू समेतले आआफ्नो स्तरबाट हरसम्भव सहयोग गर्दै आएका छन् । नेपालको चौतर्फी विकासमा भारतको महत्त्वपूर्ण भूमिका रहिआएको छ । नेपाल र भारतबीच सुमधुर घनिष्ठ, परस्पर मित्रता एवं सहयोगमा आधारित सम्बन्धको विकल्प पनि छैन । नेपाल र भारतका जनताबीचको सम्बन्धलाई नयाँ दिल्ली र काठमाडौंले बनाएको छैन । हालै भारतको अयोध्यामा मर्यादा पुरुषोत्तम रामको प्रतिमामा प्राण प्रतिष्ठा गरिंदा नेपालमा पनि भारतजस्तै खुशी र उल्लासको वातावरण थियो र अहिले पनि छ । हर्ष, उत्साह एवं खुशीका आँसु दुवै देशका नागरिकले एकैसाथ बगाए । माता सीताविना राम अधूरो रहेझैं भारत र नेपाल पनि एकअर्काबिना अधूरो छन् । भगवान रामको प्राण प्रतिष्ठा भएकै दिन भारतझैं नेपालका प्रत्येक सनातनीहरूले आआफ्नो घरमा दीपोत्सव मनाए, मन्दिरमा पूजापाठ र दर्शन गरे । एक्काइसौं शताब्दीमा पनि अयोध्या र जनकपुरबीचको सम्बन्ध त्रेताकालजस्तै रहेको अनुभूति गर्न सकिन्छ ।

नेपाल र भारतबीचको बहुआयामिक सम्बन्धमा भ्रातृत्व र क्रान्तिको विषय पनि आउँछ । नेपालमा तबसम्म प्रजातन्त्र आएन जबसम्म भारत अङ्ग्रेजहरूको शासनबाट मुक्त भएको थिएन । नेपालको उत्तरी छिमेकी तिब्बतमा दलाई लामाको धार्मिक शासन थियो ।

भारतमा जारी अङ्ग्रेजविरोधी आन्दोलनमा नेपाली नेताहरू स्व विपी कोइराला, मातृकाप्रसाद कोइराला, मनमोहन अधिकारीलगायत सयकडौंले सक्रिय सहभागिता जनाएका थिए, पक्राउ पनि परेका थिए । सन् १९४७ मा भारत स्वतन्त्र भएपछि नेपालमा पनि १०४ वर्ष पुरानो पारिवारिक राणा शासनलाई अन्त्य गरी प्रजातन्त्रको स्थापनाका लागि आन्दोलन शुरू भयो । विसं. २००७ सालमा तत्कालीन राजा त्रिभुवन र नेपालका राजनीतिक दलहरूको संयुक्त प्रयासले देशमा प्रजातन्त्र आएको थियो । राजा, राणा र नेपाली काङ्ग्रेसबीच नयाँ दिल्लीमा भएको त्रिपक्षीय सम्झौताका कारण नेपालमा प्रजातन्त्र स्थापना भएको थियो तर २०१७ साल पुस १ गते तत्कालीन राजा श्री ५ महेन्द्रले संसदीय व्यवस्था समाप्त गरी शासनसत्ता आफ्नो हातमा लिएपछि नेपालमा लोकतन्त्रवादीहरू दशकौंसम्म निर्वासनमा भारतमा बस्न बाध्य भए । २०४६ सालको अन्त्यतिर भारतका नेताहरू चन्द्रशेखर, डा सुब्रमण्यम स्वामी, एमजे अकबर, हरिकिसन सिंह सुरजितहरूको नैतिक समर्थन एवं सद्भावले नेपालका प्रजातन्त्रवादीहरूलाई निर्णायक आन्दोलनका लागि अभिप्रेरित गरेको थियो र नेपालबाट तीन दशक लामो सक्रिय राजतन्त्रको अन्त्य भयो ।

२०५९ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले सक्रिय शासन गर्न थालेपछि फेरि पनि २०६२ मङ्सिरमा नयाँ दिल्लीमा नेपालका सात दल र माओवादीबीच भएको कार्यगत एकताले नै नेपालमा लोकतन्त्र स्थापना हुन सक्यो । विगत १७ वर्षदेखि देशमा लोकतान्त्रिक शासन छ । सङ्घीयता र गणतन्त्र स्थापित भएको छ । नेपालको संविधान २०७२ संविधानसभाका दुईतिहाई सदस्यको बहुमतबाट जारी भएको छ । संविधानका कतिपय प्रावधानहरूले समय–समयमा समस्या उत्पन्न गर्ने काम गरेको छ । संविधानमा संशोधनका माग भइरहेका छन् । सम्भवतः नेपालमा संविधान निर्माताहरूले देश र जनताको हितलाई ध्यानमा राखी संविधान जारी गरेका भए संविधानको भाषा प्रस्ट हुने थियो ।

संविधानको दिशा र भाषा प्रस्ट छैन भने त्यो शब्दहरूको जङ्गल मात्रै साबित हुन्छ । यस्ताखाले संविधानले प्रत्येक पाइलामा समस्या उत्पन्न गर्ने गर्दछ र देशका जनता संविधानको विरोध गर्दै परिवर्तनको माग गर्दछ । संवैधानिक सङ्कटको अवस्था उत्पन्न भई राजनीतिक अस्थिरता पनि निम्तिने डर हुन्छ । विश्वका र दक्षिण एशियाकै कतिपय देशहरूमा पनि अनेकौंपटक संविधान बनेका छन् तर समस्याको समाधान हुन सकेन । भारतको संविधान ७५ वर्षमा प्रवेश गरेको छ तर १४० करोड जनतालाई एक सूत्रमा बाँधेर राखेको छ । देशका प्रत्येक समस्याको समाधान संविधानको परिधिभित्रै खोज्ने त्यहाँका जनताको चाहनाको प्रशंसा गर्नुपर्छ । भारतजस्तो बहुलवादी र सामाजिक विविधताले भरिएको देशमा लोकतन्त्र पूर्णरूपेण सफल साबित भएको छ ।

अधिकांश औपनिवेशिक देशहरूमा स्वतन्त्रताको निम्ति सबै जनता मिलेर नै आन्दोलन चलाए तर देश स्वतन्त्र भएपछि अन्य दलहरूमाथि प्रतिबन्ध लगाउने काम भयो तथा एउटै पार्टी लामो समयसम्म सत्तामा रहिरह्यो जबकि भारतमा कुनै पनि दलको जनाधार विकसित हुन रोक लगाइएन । फलस्वरूप त्यहाँ क्षेत्रीय राजनीतिक दलहरूको जनाधारमा पनि अभिवृद्धि भएको छ । राज्यद्वारा स्वायत्तता माग गर्ने क्रम बढेको छ । प्रत्येक असन्तुष्टिलाई संविधानको परिधिभित्र समाधान गर्ने काम गरिन्छ । भारतमा केन्द्र सरकार होइन, अपितु प्रान्तीय सरकारलाई बलियो बनाउने काम भएको छ । त्यहाँको लोकतन्त्र एवं गणतन्त्र विश्वकै अनुकरणीय छ ।

दक्षिण एशियाकै देश पाकिस्तानको निर्माण धार्मिक आधारमा भएको थियो । पाकिस्तानका संस्थापक मोहम्मद अली जिन्नाले मुसलमानहरू हिन्दूहरूसित मिलेर बस्न सक्दैनन् तसर्थ मुसलमानहरूको निम्ति छुट्टै देश चाहिन्छ भन्ने माग गर्दै भारतबाट पाकिस्तानको स्थापना गरे । विशुद्ध धार्मिक आधारमा मुसलमानहरूको निम्ति पाकिस्तानको गठन त भयो, तर पूर्वी पाकिस्तानका मुसलमानहरूको मातृभाषा बङ्गलाको उपेक्षाका कारण बङ्गालीहरूले धर्मको सट्टा आफ्नो भाषा, संस्कृति एवं पहिचानलाई उच्च महत्त्व दिएर छुट्टै देश बङ्गलादेशको स्थापना गरे । पाकिस्तानमा लोकतन्त्र पनि टिक्न सकेन र त्यहाँको शासनसत्ता त्यहाँको सेनाको निर्देशनमा सञ्चालित भई आएको छ । लोकतन्त्रवादी नेताहरू सेनाका सामु लाचार हुन्छन् । जनरल अयुब खान, याहया खान, जियाउल हक र परवेज मुशर्रफहरूले पाकिस्तानमा लोकतन्त्र बलियो हुन दिएनन् । श्रीलङ्कामा हिन्दूहरू (तमिल)लाई अधिकार दिन नमान्ने बहुसङ्ख्यक सिंहलीहरूको हठका कारण त्यहाँ हिंसा भयो । भारतमा मुसलमानबाट डा जाकिर हुसेन, फखरूद्दिन अलि अहमद, र डा एपीजे अब्दुल कलाम, सिखबाट ज्ञानी जैलसिंह, महिलाबाट श्रीमती प्रतिभादेवी पाटील, दलितबाट केआर नारायण तथा रामनाथ कोविद र आदिवासी जनजातिबाट श्रीमती द्रौपदी मुर्मू (वर्तमान राष्ट्रपति)ले राष्ट्रपति बन्ने अवसर पाए । यो बलियो एवं सफल गणतन्त्रको पहिचान हो ।

# उपत्यकामा सवारी दुर्घटना : छ महीनामा ८८ जनाको मृत्यु

काठमाडौं, ११ माघ/रासस

गत पुस २८ गते काठमाडौंको चन्द्रागिरि नगरपालिका–४ पानीघाट नजीक हिमचुली सेतो पहरानजीक कार दुर्घटना हुँदा एकै परिवारका पाँचजनाले ज्यान गुमाए । प्रदेश ३–०१–२३ च ६९८५ नम्बरको कार दुर्घटना हुँदा काठमाडौंको लाजिम्पाट बस्ने वरिष्ठ चिकित्सक महेशकुमार गौतम, उनका ससुरा ओमकारनिधि तिवारी, सासू कल्पना तिवारी, छोरा प्रियांश गौतम र छोरी स्मारिका गौतमको ज्यान गयो ।

बाटोको दुरवस्था र घुम्तीका कारण उक्त दुर्घटना भएको जनाइएको छ । लामो समयदेखि काठमाडौंबाट मकवानपुरको चित्लाङ जाने बाटो भए पनि अहिलेसम्म उक्त बाटो कालोपत्रे हुन सकेको छैन । यस्तै, गत वर्ष फागुन २४ गते साँझ काठमाडौंको शङ्करापुर नगरपालिका साँखुस्थित इन्द्रायणीमा भएको सवारी दुर्घटनामा ५० वर्षीय सञ्चारकर्मी पवनलाल श्रेष्ठको ज्यान गयो ।

साँखु–जोरपाटी सडकखण्डमा साँखुबाट ब्रह्मखेल जाँदै गरेको बा ५ख २४१४ नम्बरको टिपरले सञ्चारकर्मी श्रेष्ठले चलाएको बा ९४प ४४९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा श्रेष्ठको मृत्यु भएको हो । उनी राष्ट्रिय समाचार समिति (रासस)का पूर्व समाचारदातासमेत थिए ।

सोही दिन सोही टिपरको ठक्करबाट साँखुका २२ वर्षीय हरि खड्काको समेत ज्यान गयो । खड्काले चलाएको बा ८२प ८३५७ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा उनको मृत्यु भएको हो । माथि उल्लिखित घटना प्रतिनिधिमूलक घटनामात्र हुन् । पछिल्लो समय काठमाडौं उपत्यकाभित्र सवारी दुर्घटनाका कारण बर्सेनि सयौं व्यक्तिले अकालमा ज्यान गुमाउँदै आएका छन् । आफूले ठीक ढङ्गबाट सवारी साधन चलाउँदा चलाउँदै पनि अर्को सवारी साधनका कारण अकालमा ज्यान गुमाउनुपरेको इतिहास छ । यस्तै, जथाभावी सवारी साधन चलाउनु र बाटो काट्नुले पनि सवारी दुर्घटना बढेको पाइन्छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार चालू आर्थिक वर्षको पुस मसान्तसम्म ५,८६५ सवारी दुर्घटना हुँदा ८८ जनाले ज्यान गुमाउनुपरेको छ । यस्तै १४८ जना गम्भीर घाइते भएका छन् भने ४,४३८ जना सामान्य घाइते भएका छन् ।

काठमाडौं उपत्यकामा सवारी साधन दुर्घटनाको अवस्था कहालीलाग्दो छ । काठमाडौं उपत्यकामा सवारी साधन दुर्घटनामा परी मृत्यु हुनेमा मोटरसाइकल चालक र पैदलयात्रु बढी छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौला काठमाडौं उपत्यकाभित्र जथभावी ढङ्गले दुईपाङ्ग्रे सवारीसाधन चलाउँदा बढी दुर्घटना हुने गरेको बताउँछन् । "उपत्यकाभित्र मोटरसाइकल तथा स्कुटर जथाभावी कुदाउने र पैदलयात्रुले पनि जथाभावी बाटो काट्दा बढी दुर्घटना भएको देखिन्छ"–उनी भन्छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट उपत्यकाभित्र हुने सवारी साधन दुर्घटना कम गर्न ट्राफिक प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताउँछन् । "दुर्घटना कम गर्न मादक पदार्थ सेवन (मापसे) जाँचमा कडाइ, तीव्र गति नियन्त्रण गर्न प्रतिघण्टा ५० किलोमिटरभन्दा बढीको गतिमा सवारी साधन चलाउन नपाइने नियम, सवारी साधनको स्थिति जाँच, लामो दूरीका सवारी साधनमा दुई चालक छन् या छैनन्लगायत कुरामा विशेष निगरानी गर्दै आएका छौं"–उनी भन्छन् । साँघुरो बाटोमा तीव्र गतीमा सवारी चलाउँदा दुर्घटना हुने गरेको प्रवक्ता भट्टको भनाइ छ ।

ट्राफिक प्रहरीले चालू आवमा विभिन्न कसूरमा ४,५०,७२९ सवारी साधनलाई कारबाही गरेको छ । जसमध्ये मादक पदार्थ सेवन गरी सवारी चलाउने १८,६२७ चालकलाई कारबाई गरेको छ । यस्तै, लेन अनुशासनमा २९,४०२, तीव्रगतिमा ६१,८४३ रातो बत्तीमा १३,३०७ फूटपाथ सडक पार्किङमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपालको अर्थ व्यवस्थाको इतिहास र हाम्रो सोच

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**देशको आर्थिक विकासका लागि सबै राजनीतिक दलका नेताहरू एकजुट हुनुपर्छ । नेताहरूले स्वार्थी बानी परित्याग गरी सत्ता र शक्तिको मोह त्याग्नुपर्छ । कुर्सीको मोह त्याग्नुपर्छ । जनताले पनि आफूलाई विकासको कर्ताको रूपमा अनुभूत गर्नुपर्छ ।**

नेपालको अर्थ व्यवस्थाको इतिहास पुरानो पनि छैन । उत्साहप्रद पनि छैन । उल्टो अनेक समस्याहरूले भरिएको छ । नेताहरूमा आएजस्तो नेपालका नेताहरूमा आएन । नेपालमा सहयोग–अनुदान र ऋण मागेर देशको आर्थिक विकास हुन्छ गरेका राष्ट्रहरू, कुनै बेला गरीब कहलिएका राष्ट्रहरू–बङ्गलादेश, चीन, दक्षिण कोरिया अहिले आर्थिकरूपमा

२००७ सालसम्म नेपाल बन्द देश थियो । विदेशीहरूको लागि बन्द थियो । नेपालीका लागि समेत बन्द थियो । देशको अन्य भागबाट काठमाडौ प्रवेश गर्न राणा–प्रशासनसँग काठमाडौं–प्रवेश अनुमति लिनुपर्थ्यो ।

राणाकालसम्म देशले आम्दानी गर्ने प्रमुख स्रोत केवल मालपोत वा भूमि कर थियो । देशमा उद्योग, व्यापार, व्यवसाय शून्यप्राय: थियो । देशको आर्थिक विकासका लागि जनसहभागिता, उद्योग एवं व्यवसाय सञ्चालन तथा अनेक किसिमका पेशाकर्मीहरूको आवश्यकता हुन्छ भन्ने यथार्थ राणाहरूलाई थाहा थिएन । उनीहरूको ध्यान केवल सत्ता टिकाउन र सत्ता हस्तगत गर्नमैं केन्द्रित थियो । राणाहरूको आर्थिक सहयोगको ठूलो स्रोत अङ्ग्रेजहरूको दया थियो ।

२०१७ सालपछि, एउटा देशको रूपमा टिक्न, सार्वभौमसत्ता सम्पन्न हुन, कुनै पनि देश आर्थिकरूपमा सबल हुनुपर्छ भन्ने भावना नेताहरूमा थोरै मात्रामा भए पनि, तर जागृत भएको पाइन्छ । त्यो पनि खासगरी तत्कालीन राजा महेन्द्रमा देशलाई आर्थिकरूपमा सबल पार्नुपर्छ भन्ने भावना जागृत भएको पाइन्छ । राजा महेन्द्रले देशको आर्थिक विकासका लागि अनेक कार्य गरेको पाइन्छ ।

२०१७ सालपछि नेपालमा अनेक किसिमका उद्योग सञ्चालनमा आए । नेपालमा चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना जस्ता ठूला उद्योगको स्थापना भएको पाइन्छ । महेन्द्र राजमार्ग, कोदारी राजमार्ग, त्रिभुवन राजपथ आदिको निर्माण देशलाई आर्थिकरूपले सक्षम पार्नुपर्छ भन्ने सोचको परिणाम थियो ।

२०१७ सालपछि सार्वभौमसत्ता सम्पन्न राष्ट्र हुनका लागि त्यो राष्ट्र आर्थिकरूपमा पनि सक्षम हुनुपर्छ भन्ने सोच नेताहरूमा आयो तर एउटा गम्भीर र महत्त्वपूर्ण सोच भने आएन, जुन युरोपेली राष्ट्रका नेताहरूमा आएको थियो । संयुक्त राज्य अमेरिकाका नेताहरूमा आएको थियो ।

देशको आर्थिक विकास आफ्नै स्रोत तथा साधन प्रयोग गरेर गर्नुपर्छ । आफू भन्दा धनी राष्ट्रसँग सहयोग, अनुदान वा ऋण मागेर देशको आर्थिक विकास हुँदैन भन्ने सोच अमेरिका र युरोपका भन्ने परम्पराको विकास भयो । २०१७ सालपछि नेपालमा जे जति आर्थिक विकासका पूर्वाधारको निर्माण भयो, सडक, पूल, कलकारखाना, सञ्चार व्यवस्था आदि, अन्य देशको सहयोगमा भयो । मुख्यगरी भारत, चीन र सोभियत रूसको सहयोगमा भयो । आफ्नो स्रोत र साधन प्रयोग गरेर भएन । अर्थात् हाम्रो आर्थिक विकासको इतिहास, जुन व्यवस्थितरूपमा २०१७ सालदेखि प्रारम्भ भयो, विदेशी ऋण र अनुदानबाट अति प्रभावित भयो । देशको आर्थिक विकासका लागि जे जति काम भए, सडक र पुल निर्माण, उद्योगहरूको स्थापना, अन्य राष्ट्रको आर्थिक सहयोगमा भए । दयामा भए । नेपालको आर्थिक विकास अन्य राष्ट्रहरूको सहयोगमा गर्ने परपाटीले नेपालीहरूमा 'हामी आफ्नो आर्थिक क्षमताले देशको विकास गर्न सक्तैनौं, अर्को देशको सहयोग आवश्यक हुन्छ' भन्ने सोचको विकास भयो । यो सोंचले हामीलाई अहिलेसम्म छाडेको छैन । अहिले पनि 'आफ्नै स्रोत र साधनले देशको आर्थिक विकास गर्न सक्छौं' भन्ने आत्म विश्वास छैन । हाम्रो देशका मन्त्री, प्रधानमन्त्रीहरू अर्को देशको भ्रमणमा गएको बेला त्यस देशका सरकार प्रमुखको अगाडि हात पसार्न पुग्छन् । भीख माग्न पुग्छन् । त्यस्तो गर्दा लाज मान्दैनन् ।

नेपालमा जसैजसै विदेशी ऋण, अनुदान र सहयोगको मात्रामा वृद्धि हुँदै गयो, सोही अनुसार नेपालको राजनीतिमा विदेशीहरूको हस्तक्षेप बढ्दै गयो । भारतले नेपाललाई गर्ने आर्थिक सहयोगको मात्रामा जुन अनुपातमा वृद्धि भयो सोही अनुपातमा नेपाललाई आफ्नो प्रान्तको रूपमा हेर्ने भारतीय नेताहरूको सोच र हिम्मत बढ्दै गयो । यस्तो हाम्रो कमजोरीले गर्दा भएको हो ।

हाम्रो देशको आर्थिक विकासको इतिहासमा देशको आर्थिक विकास आफैंले गर्नुपर्छ, सहयोग, ऋण र अनुदान मागेर होइन भन्ने अभ्यासले बलियो स्थान बनाउन सकेन । हाम्रो देशको आर्थिक विकासका लागि विदेशीहरूसँग सहयोग, अनुदान र ऋण माग्नैपर्छ भन्ने हाम्रो सोचले गर्दा हामीमा आत्मविश्वास विकास हुन सकेन । हामी लघुताभासको शिकार हुन पुग्यौं । धेरैपछि मात्र व्यवस्थित किसिमले आर्थिक विकास गर्न आरम्भ बलियो राष्ट्र हुन पुगेका छन् । हामी भने गरीब राष्ट्र नै छौं ।

२०१७ देखि २०४६ सम्मको समय पनि नेपालको आर्थिक विकासको इतिहासमा सुखद रहेन । देशको सर्वोच्च प्रशासन (पञ्चायती व्यवस्था र यसका उच्च पदाधिकारीहरू) र जनता दुई ध्रुवमा विभाजित भएर रहे । जनताले एकातिर मुख फर्कायो भने उच्च प्रशासन वा राज्य व्यवस्थाले अर्कोतिर । देशको आर्थिक विकासको लगि महत्त्वपूर्ण दुई पक्षबीच कहिले समन्वय हुन सकेन; मेलमिलाप हुन सकेन । जनता, जो देशको आर्थिक विकासको मुख्य पक्ष हुन्छ, देशको आर्थिक विकासमा लाग्नुको सट्टा राज्य व्यवस्था (पञ्चायती व्यवस्था) पतन गराउनपट्टि लाग्यो । सदा सङ्घर्षरत रह्यो । राज्य व्यवस्थाविरुद्ध बेलाबेलामा बाह्य र आन्तरिकरूपमा अनेक आन्दोलन भए । सङ्घर्षहरू भए । जनताले आफूलाई देशको आर्थिक विकासको महत्त्वपूर्ण पक्षको रूपमा कहिले पनि देखेन । जनताले त्यस्तो किसिमले अनुभूत गर्ने वातावरण पनि बनेन । पञ्चायती व्यवस्थाका नेताहरूको सोच र व्यवहार पनि सर्वसत्तावादी रह्यो । जे जस्तो कारणले होस्, नेपालीहरूमा हामीले हाम्रो देशको आर्थिक विकास आफ्नै प्रयासबाट गर्ने हो भन्ने सोचको विकास यो कालमा हुन सकेन ।

देशको आर्थिक विकासम आफ्नो योगदान महत्त्वपूर्ण देख्ने, जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने, सुम्पिएको काम सम्पूर्णरूपमा सम्पन्न गर्नेजस्ता व्यवहार र भावनाको हामीमा सदा अभाव रहँदै आएको छ । केही वर्ष पहिले मात्र होइन, परापूर्व कालदेखि अभाव रहँदै आएको छ । त्यसकारण हामीले भन्दै आएका छौ, 'राजाको काम कहिले जाला घाम' । दिएको काम सम्पन्न नगर्ने, काम ठग्नेजस्तो सोच हामीमा बलियोगरी बसेको छ । हामी आफूलाई देशको आर्थिक विकासको जिम्मेवार 'कारक' (Actor) देख्दैनौं । राज्यबाट पाइने र पाउन सकिने हरेक सेवा र सुविधाको आफूलाई हकदार देख्छौं (त्यो स्वाभाविक पनि हो) तर राज्यको लागि हामीले पनि केही गर्नुपर्छ भन्ने सोच राख्दैनौं । राज्यप्रति केही कर्तव्य छ भन्ने बोध गर्दैनौं । उल्टो भन्छौं– राजाको काम कहिले जाला घाम । यस्तो सोचले पनि देशको आर्थिक विकास हुन्छ ?

अब आऔ २०४७ सालदेखि हाल (२०८० साल) सम्मको कालमा, गणतन्त्र कालमा । गणतन्त्रकाल नेपालको आर्थिक विकासको इतिहासमा 'कालो' काल हो । दु:खद काल हो । किन कालो काल हो ? यो कालमा देशका आर्थिक संरचनाहरू ध्वस्त पार्ने काम भए । नेताहरूको इमानदारीमा अभूतपूर्व ह्रास आयो । नेताहरूले देशको आर्थिक विकासका लागि आफूलाई महत्त्वपूर्ण कारक (Significant actor) को रूपमा देख्नुपर्नेमा सुविधाभोगी भूमिकामा मात्र सीमित पारे । जुनसुकै दल र विचारको नजीक भए तापनि देशको आर्थिक विकासका लागि सबै नेता मिलेर अगाडि बढ्नुपर्नेमा उनीहरूको दृष्टि केवल सत्ता र सुविधामा मात्र केन्द्रित हुन पुग्यो । शक्ति र सत्ताका लागि जुट्ने र फुट्ने भूमिकामा सीमित रहेका नेताहरूले देशको आर्थिक विकासका लागि कहिले गम्भीर भएर सोचेनन् । आफ्नो फाइदाका लागि देशलाई आर्थिकरूपमा दिवालिया हुने स्थितिमा पुऱ्याए तर देशको विकासको लागि एकजुट हुन कहिले सकेनन् ।

देशमा अहिले बेरोजगारी छ । गरीबी छ । त्योभन्दा पनि बढी अहिले देशमा घोर निराशा छ । यी नेताहरू र यो व्यवस्थाबाट देशको आर्थिक विकास सम्भव छैन । स्वदेशमा हाम्रो भविष्य सुरक्षित छैन । यस्तो भावनाले अहिले हजारौं युवाहरूलाई विदेश पलायन हुन बाध्य पारिरहेको छ । स्वदेशमा आफ्नो भविष्य सुरक्षित नदेखेर नेपाली युवाहरू अहिले युद्ध मैदानमा आफ्नो भविष्य सुरक्षित देखिरहेका छन् । नेपाली युवाहरू 'भाडाको सैनिक' बनेर, योद्धा बनेर, रूस र युक्रेन पुगेका छन् । स्थिति यस्तै रहने हो भने नेपालको दुईतिहाई जनसङ्ख्या विदेशका अन्य राष्ट्रमा हुनेछ । त्यो पनि छिटै । यी कारणहरूले गर्दा यो काललाई नेपालको आर्थिक विकासको इतिहासको 'कालोकाल' भन्नुपर्ने हुन्छ । हो, गणतन्त्र कालोकाल हो । होइन र ?

सम्भावना असीमित हुन्छ । अहिले पनि सम्भावना छ । अवसर पनि छ । हामीले देशको आर्थिक विकास आफैंले गर्नुपर्छ । हाम्रो देशको आर्थिक विकासका लागि आर्थिक सहयोग, अनुदान र ऋण लिने परम्परा क्रमिकरूपमा समाप्त हुनुपर्छ । देशको आर्थिक विकासका लागि सबै राजनीतिक दलका नेताहरू एकजुट हुनुपर्छ । नेताहरूले स्वार्थी बानी परित्याग गरी सत्ता र शक्तिको मोह त्याग्नुपर्छ । कुर्सीको मोह त्याग्नुपर्छ । जनताले पनि आफूलाई विकासको कर्ताको रूपमा अनुभूत गर्नुपर्छ ।

नेपालमा आर्थिक विकासका अनेक सम्भावना छन्, अनेक अवसर छन् । साधन र स्रोत पनि उत्तिकै छ । हामीले आफ्नो देशको आर्थिक विकास आफैंले गर्न सक्छौं ।

## मनाङको तापक्रम -२२ डिग्री सेल्सियस

मनाङ, ११ माघ/रासस

हिमाली जिल्ला मनाङको तापक्रम दैनिक घट्दै गएको छ । माघ लागेसँगै यहाँको तापक्रम घटेर –२२ डिग्री पुगेको छ । दिउँसोको समयमा नै यहाँको तापक्रम –१२ पुग्दछ । हिमपात कम भए पनि चीसो अत्यधिक बढेको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङमा माघ लागेसँगै तापक्रम घट्दै गएको हो । हिमपात कम भए पनि यहाँको तापक्रम मापन गर्दा अत्यन्त कम हुँदै गएको उनले बताए । जसका कारण यहाँको जनजीवन कष्टकर बन्दै गएको उनले बताए ।

प्रमुख जिल्ला अधिकारी लामिछानेले भने–"चीसोले धारामा पानी जमेको छ । खोलानालामा पूर्णरूपमा पानी जमेको छ । हिउँ कम भए पनि चीसोले ग्याँस बलेको छैन । सवारीसाधनको आवतजावत न्यून छ । पिउने पानी जोहो गर्नै मुश्किल छ ।" चीसो पनि उसैगरी बढ्दै गएको उनले बताए । चीसो बढ्दै जाँदा यहाँका पूर्वाधार निर्माण मङ्सिरदेखि नै ठप्प भएको प्रजिअ लामिछानेले जानकारी दिए ।

मनाङको माथिल्लो क्षेत्रका बासिन्दा अहिले चीसो छल्न बाहिर गएको उनले बताए । अहिले सुरक्षा निकाय र स्वास्थ्य क्षेत्रबाहेक अन्य सेवा प्रवाहमा समेत सकस भएको उनले बताए । उनले भने–"अहिले सुरक्षा निकाय र सामान्य सेवाबाहेक अन्य बन्दजस्तै नै छन् ।"

पहिलो हिमपात हुनासाथ यहाँका शैक्षिक संस्था बन्द भएका छन् । शैक्षिक संस्था बन्द भएपछि अधिकांश स्थानीय जाडो छल्न जिल्ला बाहिर गएका छन् । यहाँका स्थानीय लमजुङ, काठमाडौं, पोखरालगायत स्थानतर्फ झर्ने क्रम जारी रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

पूर्वाधार कार्यालय मनाङका प्रमुख जय विष्टले भने–"चीसो अत्यधिक छ । त्यसैले सिमेन्टजडित कार्य ठप्प भएको छ । योजनाको नापजाँच, परीक्षण काम गरिरहेका छौं । अन्य कार्यालयसम्बन्धी कामलाई प्राथमिकता दिएर नै काम गरिरहेका छौं ।" विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम पूर्णरूपमा रोकिएको छ । चीसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माणको सेटिङ र हार्डिङ प्रक्रियामा समस्या हुने भएकोले यससम्बन्धी काम बन्द गरिएको बिष्टले बताए ।

त्यस्तै चीसोका कारण मङ्सिरदेखि नै स्थानीय तल झरेपछि नार्पाभूमि गाउँपालिकामा रहेका दुई प्रहरी चौकी सदरमुकाम सारिएको प्रजिअ लामिछानेले जानकारी दिए । उनका अनुसार नार्पाभूमिका अत्यावश्यक कामकाजका लागि सदरमुकामस्थित चामे गाउँपालिका–३ कोतोमा अस्थायी कार्यालय स्थापना गरी सेवाप्रवाह भइरहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) एकाइ कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले चीसोमा पनि न्यून मात्रामा पर्यटकको आगमन भइरहेको बताए । सिजनमा भन्दा पर्यटकको आगमन कम भए पनि आउने क्रम जारी रहेको उनले जानकारी दिए ।

उनले भने–"बाटोमा केही मात्रामा हिउँ छ । हिउँ खेल्दै रमाउँदै पर्यटक थोराङ्ला भञ्ज्याङ, तिलिचो तालतर्फ जाने आउने भइरहेको छ ।" पर्यटकलाई मौसमसम्बन्धी जानकारीका साथै बाटोमा हुनसक्ने जोखिम मध्यनजर गरी यात्रा गर्न सुझाव दिंदै आएको उनले बताए ।

मनाङ ङिस्याङ गाउँपालिका–५ भ्राकाका किसान सोनाम लामाले धेरैजसो गाउँले तल झरेका छन् । तर हामी घर कुर्ने र चौंरी हेर्न यहीं बसेका बताए । उनले भने–"चीसोमा माउ चौंरी र युवावस्थाका चौंरीलाई खुवाउन–बचाउन सजिलै हुन्छ । तर बच्चालाई जोगाउनै मुश्किल हुन्छ । ठूला पशुचौपायाले पानी, घाँस आफैं खोज्न सक्छन् । बच्चाले सक्दैनन् । जाडोमा यिनीहरूलाई ध्यान दिनुपर्छ ।"

"लामो समयसम्म हिमपात भयो भने अलिअलि जम्मा गरेर राखेको घाँस सकिन्छ । खान नपाई दुब्लाएर मर्ने गर्छन् । जाडो भइरहेका बेला बच्चालाई भने गोठ बनाएर राखिन्छ । हिउँ बढी परे पनि ठूला भएका चौपायालाई हिउँमै छाड्नुपर्छ । जाडोमा घाँस कम हुँदा दूध पनि कम हुने हुँदा बच्चालाई मात्र ठिक्क हुन्छ । हामी यो समयमा दूध दुहुदैनौं"– उनले भने–"लेकका खर्कबाट गाउँघर नजीक चौंरी ल्याइन्छ । नावर पनि चौंरीसागै अलि तल झर्छन् । जसले गर्दा हिउँ चितुवा पनि चौपाया नजीकै आहाराका लागि आउने गर्दछन् । यसबाट जोगाउनकै लागि हामी यहाँ बस्नुपर्ने भएको हो ।"

यहाँ फागुनको पहिलो सातादेखि खेतीपातीको समय शुरू हुन्छ । जसले गर्दा बेंसीमा झारिएका गोठ लेकका खर्कतर्फ लैजाने गरिन्छ । हाल जिल्लाभर ४,३९७ चौंरी रहेको भेटेरेनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख नरेन्द्र राईले जानकारी दिए । जाडो कम हुँदै गएपछि यहाँका स्थानीय पनि जिल्ला फर्कन थाल्दछन् ।




**क्रुजशिप:** चितवनको भरतपुर महानगरपालिका–१६ काप्रेघाटस्थित नारायणी नदीमा सञ्चालित क्रुजशिप । तस्बिर: कृष्ण आचार्य/रासस



**स्याउखेती व्यवस्थापन:** कृषि विकास कार्यालय, जुम्लाको आर्थिक तथा प्राविधिक सहयोगमा तातोपानी गाउँपालिका–६ का स्याउ किसानलाई स्याउ बगैंचा व्यवस्थापनबारे जानकारी गराउँदै कृषि प्रविधिक । तस्बिर: विजय रावत/रासस

# आर्थिक समृद्धिका लागि पत्रकारिता

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**नेपालको आर्थिक समृद्धि, रोजगार प्रवर्द्धन, लगानीमैत्री वातावरण, भ्रष्टाचार तथा कालोबजारी नियन्त्रणजस्ता विषयलाई पत्रकारिताले विशेष महत्त्व दिनुपर्छ। मुलुकमा छिटो समृद्धि ल्याउने हो भने आमनेपालीको आर्थिक सहभागिता बढाउनै पर्दछ। यसका लागि नेपाली पत्रकारिता नै महत्त्वपूर्ण हतियार हो।**

कुनै पनि मुलुक आर्थिकरूपमा सबल र समृद्ध भए मात्र त्यहाँको सामाजिक, राजनीतिक एवं सांस्कृतिक क्षेत्रको विकास गर्न सहज हुन्छ । तर आर्थिक समस्या बढ्दै जाँदा त्यो मुलुकको अर्थतन्त्र सङ्कटमा पर्दै जान्छ। अहिले नेपालमा पनि आर्थिक व्यवस्थापन अत्यन्त कमजोर देखिन्छ । आर्थिक व्यवस्थापकहरूप्रति निजी क्षेत्रले विश्वास गर्न नसक्दा अर्थतन्त्रमा निराशा छाएको छ। उद्यमी, व्यवसायी र लगानीकर्ताको मनोबल गिरेको छ । व्यापारघाटा कहालीलाग्दो किसिमले बढेको छ। बढ्दो गरीबी, बेरोजगारी, उच्च मुद्रास्फीति, भ्रष्टाचार, अनिश्चित रेमिट्यान्स, गिर्दो निर्यात, बढ्दो आयात, उच्च व्यापार घाटा, कमजोर उद्योग निर्माण क्षेत्र, कृषिको न्यून उत्पादकत्व र सीमित मुलुकसँगको उच्च निर्भरताले गर्दा दैनिक उपभोग्य वस्तुमा समेत आत्मनिर्भर हुन नसक्ने अवस्था छ। मुलुकमा उत्पादनको माहोल कमजोर बन्दा दलाली गरेर जीविका चलाउनेहरूको स्वर बलियो बन्दै गएको छ।

विदेशमा अध्ययनका लागि जाने हुन् वा वैदेशिक रोजगारका लागि, उनीहरूले मुलुकभित्र न उत्पादनको माहोल बनाउँछन्, न सेवा विस्तारको। त्यसैले आत्मनिर्भर आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ। यसका लागि नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्दछ। तर विडम्बना, आर्थिक मुद्दाहरू मुलुकको प्राथमिकतामा पर्न सकेको छैन । आर्थिक उदारीकरणको तीन दशकभन्दा बढी समय बितिसक्दा पनि मुलुकको आर्थिक अवस्था उकालो लाग्नुको सट्टा ओरालोतिर झरिरहेको छ । विशेषगरी आर्थिक मुद्दामा राजनीतिक दलहरू संवेदनशील हुन नसक्दा मुलुकको आर्थिक अवस्था जर्जर बन्दै गएको छ। यसरी आर्थिक गतिविधि सङ्कुचित हुँदै जाँदा लगानीकर्ता र उपभोक्ता दुवै अन्योलमा देखिएका छन्। लगानीकर्ताले विश्वास गुमाउँदा एकातर्फ लगानीमा समस्या देखिएको छ भने नयाँ लगानी नहुँदा नयाँ रोजगारको अवसर सिर्जना र अर्थतन्त्र चलायमान हुन सकेको छैन। अर्कातर्फ बढ्दो महँगी र अनिश्चितताका कारण उपभोक्ताले विश्वास गुमाउँदा उत्पादित वस्तु तथा सेवा-बजारमा सङ्कुचन आएको छ। जसले मुलुकको समग्र अर्थतन्त्र नै शिथिल बन्दै गएको छ । यसको प्रत्यक्ष र गम्भीर असर साना व्यवसायी र आम उपभोक्ताले चुकाउनुपरिरहेको छ।

यस्तो अवस्थामा मुलुकको आर्थिक समृद्धि र विकासको जिम्मेवारी पूर्णरूपमा एक्काइसौं शताब्दीका युवापींढीलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । जोश र जाँगरले भरिपूर्ण आजको युवा पींढीलाई आर्थिक समुन्नतिका लागि परिचालन गर्न नेपाली पत्रकारिता क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नैपर्दछ। यसका लागि नेपाली पत्रकारिता क्षेत्रले आर्थिक विषयवस्तुका मुद्दाहरूलाई विशेष प्राथमिकतामा राख्नुपर्ने आजको आश्यकता हो । विशेषगरी व्यक्तिगत अवधारणाको विकास गर्नुभन्दा पनि सामूहिक युवा अवधारणामा आधारित श्रम-संस्कृतिका साथै प्रविधिमैत्री विकासलाई प्रोत्साहन गर्ने रणनीतिक कार्ययोजनालाई पत्रकारिताले प्रमुख प्राथमिकतामा राखेर समाचार, विचार, अन्तर्वार्ता र आलेख समाचार सम्प्रेषण गर्न सक्नुपर्दछ । किनभने आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको सक्रिय मानव पूँजीलाई केवल परम्परागत रोजगार विकासको क्षेत्रमा मात्र निर्भर नराखी सोको वैकल्पिक व्यवस्थापनका लागि तयार रहने वातावरण विकास गर्दा क्षमता र दक्षतावान ठूलो जनसमुदाय लाभान्वित हुन्छ । वास्तवमा नेपाली अर्थतन्त्रको अर्को मूल समस्या भनेको युवाहरूको बढ्दो विदेश पलायन नै हो। अहिले तत्काल रोजगारका लागि विदेशिने युवा पङ्क्तिलाई रोक्न सकिन्न तर नेपालमैं पढ्न पाइने विषयमा पनि विदेशिने प्रवृत्तिमा अंकुश लगाउनैपर्दछ। नेपाली कलेजहरूका कक्षा कोठासमेत खाली हुनेगरी भइरहेको विद्यार्थी पलायन नरोक्ने हो भने निकट भविष्यमा नै मुलुकमा मानव संसाधनको ठूलो समस्या पर्ने प्रायः निश्चित छ। यसतर्फ सरकारको ध्यानाकर्षण गराउन नेपाली पत्रकारिताले अग्रणी भूमिका निर्वाह गर्नुपर्दछ। यसका लागि समाचार, लेखरचना, अन्तर्वार्ता, समाचार टिप्पणी, समाचार विश्लेषण आदिमा यस्ता आर्थिक मुद्दाहरूलाई पहिलो प्राथमिकतामा राख्नुपदर्छ र आर्थिक क्रान्तिको नेतृत्व पत्रकारिता क्षेत्रले नै लिन सक्नुपर्दछ।


युवाको जोश, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्कन्छ । युवामा अथाह साहस, जोश, जाँगर र क्षमता छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ। उनीहरू भोलिका कर्णधार मात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन् । त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्रको सुधारका लागि लगाउनुपर्ने अहिलेको आवश्यकता छ । विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो। १५ देखि ६५ सम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय हुन सक्ने जनशक्ति मानिन्छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस उमेर समूहको अनुपात ६७ प्रतिशत रहेको अनुमान छ । त्यसमध्ये पनि ४० प्रतिशत युवा उमेर समूहका छन् । यसरी आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहको जनसङ्ख्याको अनुपात बढी हुनुलाई जनसाङ्ख्यिकी लाभ उपलब्ध भएको भनिन्छ। यस्तो लाभको उपयोग गरी मुलुकलाई विकास र समृद्धिको बाटोमा डोऱ्याउन सकिन्छ। अनुत्पादक उमेर समूहको जनसङ्ख्याको अनुपात बढी भएमा परिवार तथा राज्यले अत्यधिक आर्थिक भार वहन गर्नुपर्छ। आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहलाई पनि उत्पादनमूलक कामधन्धामा लगाउन नसक्दा समाजमा विविध किसिमका समस्या देखा पर्न सक्छन् । यिनै युवालाई उत्पादनमा लगाउन सके मुलुकको विकास र समृद्धिका लागि धेरै समय पर्खनुपर्दैन। यसका लागि राज्यले उत्पादनलाई प्रोत्साहन गर्ने र बजार व्यवस्थापनमा सहयोग गर्नैपर्ने देखिन्छ। यस कार्यमा पनि नेपाली पत्रकारिताले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्नुपर्दछ।

हुनत युवा समुदाय यस्तो सिर्जनशील समूह हो, जसको लगनशीलताबाट प्राप्त हुन आएको विकासको गतिले छोटो समयमा नै सकारात्मक परिणाम देखाउँछ। पूँजी नभएर नेपाल विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन गरी उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै मुलुकमा नै रोजगारको अवसर सिर्जना गर्न नसकेर हो। त्यसैले विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ जसले गर्दा विदेशी हस्तक्षेप न्यूनीकरण भई परनिर्भरता अन्त्य हुन्छ र आत्मसम्मानको प्रत्याभूति हुन्छ। त्यसैले मुलुकको आर्थिक सम्भावनाका क्षेत्रहरू र विकासका बाधालाई चिर्दै अगाडि बढ्ने बाटो पत्रकारिता जगतले देखाउन सक्छ र देखाउनु पनि पर्छ । पत्रकारिताको एउटा प्रमुख एजेन्डा आर्थिक समृद्धि र सुशासन कायम गर्नु पनि हो । निश्चय पनि यस कार्यमा पत्रकारिताको सहयोगी भूमिका हुने विश्वास गरिन्छ। यो विषय पत्रकारिताको व्यावसायिक निर्वाहसँग पनि सम्बन्धित छ । जब पत्रकारिता राजनीति केन्द्रित हुन पुग्छ, तब यसले यो एजेन्डा गुमाउने खतरा हुन्छ । पत्रकारिता जब राजनीतिक विचार र आस्थाका आधारमा भ्रष्टाचार र सुशासनका सम्बन्धमा आग्रही हुन्छ, तब यसको नैतिक मूल्य सङ्कटमा पर्छ। पछिल्लो समयमा पत्रकारिता राजनीतिबाट आग्रही र निर्देशित हुन पुगेको छ भन्दा असान्दर्भिक हुँदैन । पत्रकारिता राजनीतिक कित्ताबन्दीमा विभक्त हुन पुग्दा भ्रष्टाचारलगायत एजेन्डामा सामूहिक दृढता व्यक्त गर्न सम्भव हुँदैन। भ्रष्टाचारलाई शून्य सहनशीलताको स्थितिमा पुऱ्याउने र प्रत्येक जनतालाई आर्थिक विकास र सुशासनको प्रत्याभूति दिलाउनेजस्ता कर्णप्रिय कुरा सरकारले गर्ने गरे पनि उपलब्धि भने शून्यको स्थितिमा छ। भ्रष्टाचार न्यूनीकरण गर्ने र आर्थिक सुशासनको पाटो सबल बनाउने उद्देश्यले सरकारले विभिन्न कार्यक्रम नल्याएको पनि होइन, तर ती सबै प्रभावकारी हुन सकेको देखिएको छैन। मुलुकको तीनै तहका सरकार र नेतृत्व वर्ग र राजनीतिक दल भ्रष्टाचार र अनियमित क्रियाकलापमा पटकपटक विवादमा तानिने गरेका छन् तर यथोचित कारबाई भएको नपाउँदा सरकारको प्रतिबद्धतामाथि प्रश्नचिह्न उठ्न थालेको छ, जसलाई अस्वाभाविक मान्न सकिँदैन। त्यसैले मुलुकको आर्थिक विकासको एजेन्डा स्थापित गराउन तथा त्यसका लागि जनमत निर्माण गर्न नेपाली पत्रकारिताले सम्पूर्ण सामर्थ्य लगाउनुपर्छ।

राजनीतिक दलहरूको मुखपत्रको रूपमा समाचारहरू छाप्ने गरेको आरोप पत्रकारिता क्षेत्रले खेप्दै आएको छ । यसबाट बच्न पनि आर्थिक मुद्दाहरूलाई प्राथमिकतामा पार्नुपर्छ । त्यस्तै आर्थिक विकासका लागि कुनै पनि आयोजना स्थापना गर्नुपूर्व त्यसको औचित्यबारे प्रश्न उठाउने काम पत्रकारिता जगतकै हो । आयोजना सञ्चालनका क्रममा देखापर्ने ढिलासुस्ती होस् वा योजना सम्पन्न भएपछिको गुणस्तर परीक्षण र भुक्तानी प्रक्रियालगायत सबै कुरामा दृष्टि लगाउने काम पत्रकारिताले गर्नु आवश्यक छ । यसैगरी कार्टेलिङका कारण हुने मूल्यवृद्धि, खुला सिमानाका कारण हुने अवैध व्यापार, किसानले बीउबिजन र मलखाद पाउन नसक्नुका कारण, उद्योग क्षेत्रमा हुने मिसावट, व्यापारमा हुने करछलीजस्ता आर्थिक विषयहरूलाई पत्रकारिताले बाहिर ल्याउनु आवश्यक छ । यसका साथै वित्तीय क्षेत्रमा हुने अपराध, भन्सारमा हुने अवैध करोबार, कर छलीका विषय र उद्योगीका पीरमर्का तथा आर्थिक क्षेत्रका समस्या, सम्भावना एवं समाधानका उपाय पनि पत्रकारिता क्षेत्रले उजागर गर्नुपर्छ।

त्यस्तै मुलुकको पर्यटन क्षेत्रका सम्भावनाहरू, यहाँका धार्मिक तथा प्राकृतिक सम्पदा आदिको सञ्चारमाध्यमले प्रकाशमा ल्याउन सके नेपालको पर्यटन क्षेत्रमा राहत हुन सक्थ्यो। यसका साथै आयात प्रतिस्थापन गर्न सकिने विषय र सफल व्यवसायीहरूका कथा पनि पत्रकारिताको महत्त्वपूर्ण विषय बन्नुपर्छ । विभिन्न औद्योगिक क्षेत्र, औद्योगिक करिडर तथा सेजका विषयहरूलाई पनि सञ्चार माध्यमहरूले विशेष महत्त्व दिनुपर्छ । उद्योग क्षेत्रले उचित वातावरण नपाउँदा मुलुकबाट पूँजी पलायन हुने खतरा बढिरहेको सन्दर्भमा यस्ता विषयबाट त्यहाँको समस्या पहिचान र समाधानका उपायहरू पहिल्याउन मदत मिल्छ। यसप्रति पनि पत्रकारिता क्षेत्रले ध्यान दिन जरूरी देखिन्छ। हाल नेपालका केही ग्रामीण क्षेत्रहरू कृषि, पशुपालन, माहुरीपालन तथा माछापालनका हिसाबले अगाडि बढिरहेका छन् । ती क्षेत्रका समस्या, समाधानका उपाय र सफल कृषकका कथा तथा अनुभवहरूलाई पनि पत्रकारिता जगतले महत्त्वका साथ स्थान दिनुपर्छ । यसले एकातिर कृषि बजारीकरणलाई टेवा पुग्छ भने अर्कोतिर कृषिक्रान्तिको शुरूआत गर्न सञ्चारमाध्यमले नेतृत्व गर्नसक्ने ऐतिहासिक अवसरसमेत प्राप्त हुन्छ।

समग्रमा राज्य सञ्चालकले आर्थिक मुद्दाहरूलाई बेवास्ता गरिरहेको सन्दर्भमा मार्ग निर्देशन गर्न, वित्तीय क्षेत्रमा अनुशासन र सुशासन कायम गराउन तथा आमजनतालाई वित्तीय साक्षरताका माध्यमले सुसूचित गराउन पत्रकारिता जगतले आफ्नो धर्म निर्वाह गर्नु जरूरी छ। समाचार सम्प्रेषण गर्दा विषयवस्तु मात्र होइन, त्यस्ता विषयवस्तुले मुलुकमा के-कस्तो प्रभाव पर्छ भन्ने विषयमा पनि संवेदनशील हुनुपर्छ । कृषि, पर्यटन र जलविद्युत्जस्ता मुलुकको सम्भावनाका क्षेत्र उजागर गर्ने, त्यस्तो क्षेत्रमा लगानी वृद्धि गर्नका लागि लगानीकर्तामा चेतना विस्तार गर्ने र सरकारलाई संवेदनशील बनाउने काममा पत्रकारिता जगत केन्द्रित हुनुपर्छ। नेपालमा कृषिमा आधारित, जल तथा जडीबुटीमा आधारित उद्यमी जन्माउन जरूरी छ । त्यसमा लगानी बढाउन जरूरी छ। बजारको दृष्टिकोणले पनि नेपाल समृद्धिकै छेउछाउ छ। तर यत्ति मात्र हो, हामीले हिम्मत हार्नुहुँदैन। आफ्ना सबलता र सम्भावनाहरू आफैंले केलाएर अघि बढ्न जरूरी छ। विकास र समृद्धि, अवसर र खुशीहरू विदेशमा मात्रै छैन, नेपालमा अझ बढी छ। यसको सदुपयोग हामी नेपालीले गर्नुपर्दछ। अनि मात्र नेपाल सबल आर्थिक समृद्धिको बाटोमा लाग्न सक्छ । यसका लागि नेपालको आर्थिक समृद्धि, रोजगार प्रवर्द्धन, लगानीमैत्री वातावरण, भ्रष्टाचार तथा कालोबजारी नियन्त्रणजस्ता विषयलाई पत्रकारिताले विशेष महत्त्व दिनुपर्छ। मुलुकमा छिटो समृद्धि ल्याउने हो भने आमनेपालीको आर्थिक सहभागिता बढाउनै पर्दछ । यसका लागि नेपाली पत्रकारिता नै महत्त्वपूर्ण हतियार हो।



**ढिक्कीमा धान कुट्दैः** ढिक्कीमा धान कुट्दै तुर्माखाद गाउँपालिका-६ का स्थानीय। तस्बिर : सुशील भण्डारी/रासस

## हेटौंडा जोड्ने छोटो दूरीको सडक स्तरोन्नति

धुलिखेल, ११ माघ/रासस

काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका वडा नं ७ अमलटारबाट सुँगुरे-बुढाखानी-फोक्सिङटार-गोकुले-तालढुङ्गा हुँदै प्रदेश राजधानी हेटौंडा जोड्ने छोटो दूरीको सडकखण्ड अन्तर्गत अमलटार-लेकपानी सडकखण्ड स्तरोन्नति भइरहेको छ।

गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै बिपी राजमार्गको चार सय बेंसी अमलटार लेकपानी सडक निर्माण कार्य भइरहेकाले सोमवारदेखि अर्को सूचना जारी नभएसम्मका लागि बन्द हुने भएकाले वैकल्पिक सडक प्रयोग गर्न आग्रह गरेको छ।

गाउँपालिकाका अध्यक्ष दिनेश लामाले आगामी ३० महीनाभित्र पहिलो चरणमा १५ किलोमिटर लामो सडकखण्ड कालोपत्र गर्नेगरी करीब एक महीना अगाडिदेखि काम भइरहेको बताए। रु ५१ करोड ४४ लाख ८३ हजारको लागतमा पूर्वाधार विकास कार्यालयबाट ठेक्का पाएको सिद्धबाबा ग्रीनतार जेभीले पहिलो चरणमा उक्त सडकखण्ड आगामी २०८३ जेठ २५ गतेसम्ममा सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख छ । सम्झौता अनुसार सडक निर्माणसँगै रिटेनिङ वाल, स्ल्याब कल्भर्ट, ह्युमपाइपलगायतका संरचना निर्माण गर्नुपर्नेछ।

बाग्मती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामा, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, खानेपानी, ऊर्जा तथा सिंचाइमन्त्री तीर्थ लामा, बाग्मती प्रदेशका पूर्वमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य रत्न ढकालले गत मङ्सिर ३० गते संयुक्तरूपमा सो सडकखण्ड शिलान्यास गरेका थिए।

अमलटार हुँदै खार्पाचोक-लेकपानी-सुगुरेसम्म जाने सडक निर्माणका लागि १०-१२ वर्षअघि स्थानीय बासिन्दाले चन्दा उठाएर शुरू गरेकामा अहिले प्रदेश सरकारको गौरवको आयोजनाभित्र परेको छ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## नेप्से परिसूचकमा लगातार गिरावट

काठमाडौं, ११ माघ/रासस

यो साता नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक निरन्तर ओरालो लागेको छ। सातामा कारोबारको पाँचौं दिन बिहीवार नेप्से परिसूचक तीन दशमलव ९४ अङ्कले घटेर दुई हजार ८४ दशमलव ०९ को बिन्दुमा कायम भएको हो। आइतवारयता नेप्से परिसूचक निरन्तर घटिरहेको छ।

आज ३०४ कम्पनीका एक करोड १६ लाख ८९ हजार ९५५ कित्ता शेयर ९१ हजार ३६४ पटक खरीद-बिक्री हुँदा रु तीन अर्ब ७६ करोड ४५ लाख पाँच हजार ४५० बराबरको कारोबार भएको छ। आजको कारोबारमा ९१ कम्पनीका शेयर मूल्यमा वृद्धि हुँदा १४१ कम्पनीका शेयर मूल्य घटेको छ।

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## जापानमा मृत्युदण्डको पक्षमा कडा समर्थन

टोकियो, ११ माघ/एएफपी

जापानमा मृत्युदण्डको कडा जनसमर्थन रहेको छ। मृत्युदण्ड गोप्य र 'क्रूर' तरीकाले हुने गरिएको भन्दै यस विधिको चर्को आलोचना भने गर्ने गरिएको छ। जापानमा मृत्युदण्ड दिंदा झुन्ड्याउने विधि नै प्रयोगमा ल्याइन्छ।



मृत्युदण्डविरुद्ध जापानमा प्रदर्शन गर्दै एम्नेस्टी इन्टरनेशनलका सदस्यहरू। तस्बिरः एएफपी

सन् २०१९ मा क्योटोको एनिमे स्टुडियोमा ३६ जनाको ज्यान जानेगरी भएको आगजनीको अभियोगमा शिन्जी आओबालाई मृत्युदण्ड सुनाइएको छ।

समूह (जी–७) का दुई सदस्य जापान र संयुक्त राज्य अमेरिकामा मात्र मृत्युदण्ड कायम छ।

जापानमा सन् २०१९ को सरकारी सर्वेक्षणले ८० प्रतिशत मानिसले मृत्युदण्ड 'अपरिहार्य' बताएको उल्लेख छ। १,५०० भन्दा बढी सहभागी उक्त सर्वेक्षणमा नौ प्रतिशत मात्र खारेज गर्ने पक्षमा थिए।

मृत्युदण्डको समर्थन गर्नेमध्ये करीब ५७ प्रतिशतले मृत्युदण्ड खारेज भए पीडितले 'कहिल्यै पनि राहत महसूस नगर्ने' बताएका छन्।

न्याय मन्त्रालयले दिएको जानकारी अनुसार डिसेम्बरसम्म १०७ जना कैदी मृत्युदण्ड कार्यान्वयनको पर्खाइमा थिए।

आओबाले क्योटो जिल्ला अदालतले दिएको सजायविरुद्ध अपिल गर्न सक्छन् तर कानूनले अन्तिम फैसला भएको छ महीनाभित्र मृत्युदण्ड दिइसक्नुपर्ने व्यवस्था गरेको छ।

तथापि अधिकांश कैदीहरूलाई कहिलेकाहीं दशकौंसम्म एकान्तवासमा राख्ने प्रचलन पनि छ। जापानको एकमात्र मृत्युदण्ड दिने विधि झुन्डाउनु नै हो। आँखामा पट्टी, खुट्टा र हात बाँधेर फाँसी दिइन्छ। धेरै जेल अधिकारीहरूले नजीकैको कोठामा एकसाथ बटन थिच्दा एउटा ट्र्यापडोर खुल्छ। कुन बटनले घातक संयन्त्रलाई ट्रिगर गर्छ भनेर कसैलाई पनि बताइएको हुँदैन।

मृत्युदण्ड पाएका तीनजना कैदीले सन् २०२२ मा फाँसी दिने यो विधि 'क्रूर' भन्दै अन्त्यका लागि माग गरेका थिए।

आलोचकहरूले फाँसीको प्रावधानले गलत मृत्युदण्डको सम्भावना राख्छ र यो लामो, पीडादायी मृत्युको कारण बन्ने तर्क गरेका छन्।

पछिल्लोपटक सन् २०२२ को जुलाईमा तोमोहिरो काटोलाई फाँसी दिइएको थियो, जसले सन् २००८ मा टोकियोको अकिहाबारा जिल्लामा सातजना पैदल यात्रीलाई ट्रकले ठक्कर दिएर हत्या गरेका थिए।

सन् २०१८ मा गुरु शोको आसाहारा र ओम शिन्रिक्यो कल्टका १२ जना पूर्व सदस्यलाई मृत्युदण्ड दिइएको थियो।

सन् १९९५ मा टोकियोको सबवे प्रणालीमा सरीन ग्याँस आक्रमणको योजनाकार ओम शिनरिक्यो १३ जनाको मृत्यु र हजारौं बिरामी परेको आक्रमणका लागि दोषी ठहरिएका थिए।

गत हप्ता २१ वर्षीय युवकलाई एक बालिकाका आमाबाबुको हत्या गरी घरमा आगो लगाएको अभियोगमा मृत्युदण्ड सुनाइएको थियो।

जापानमा सूचनाविना फाँसी दिइन्छ र यसको व्यापक आलोचना हुने गरेको छ।

कैदीहरूलाई प्रायः अन्तिम समयमा र सामान्यतया बिहानको समय केही घण्टा अघि आसन्न मृत्युबारे सूचित गरिन्छ। मानव अधिकारवादी समूह एम्नेस्टी इन्टरनेशनलले सार्वजनिक गरेको रिपोर्टमा कसैकसैलाई मृत्युदण्डबारे अग्रीम चेतावनी पनि नदिने गरिएको उल्लेख छ।

मृत्युदण्ड कहिले दिइने हो भन्ने थाहा नपाएर मनोवैज्ञानिक पीडाले गर्दा दुईजना कैदीले सन् २०२१ मा 'ढिलो सूचना प्रणाली' विरुद्ध मुद्दा दायर गरेका थिए।

जापानमा परिवारका कुनै पनि सदस्यले कैदीहरूको अन्तिम क्षण (मृत्युदण्ड) मा साक्षी हुने प्रचलन छैन।

मृत्युदण्डसम्बन्धी सार्वजनिक बहस पनि सीमित छ, अधिकारकर्मीहरूले राष्ट्रव्यापी छलफललाई उत्प्रेरित गर्न अधिकारीहरूद्वारा सूचना खुलासा गर्न आह्वान गरेका छन्। रासस

## चीनमा पान्डाको सङ्ख्या १९०० को हाराहारीमा

बेइजिङ, ११ माघ/सिन्ह्वा

चीनमा पान्डाको सङ्ख्या १,९०० को हाराहारीमा पुगेको राष्ट्रिय वन तथा घाँसे मैदान प्रशासनले बिहीवार जनाएको छ।

सन् १९८० को दशकमा १,१०० पान्डा रहेकोमा अहिले १,९०० को हाराहारीमा रहेको चिनियाँ प्रशासनले जनाएको छ।

जाइन्ट पान्डा राष्ट्रिय निकुञ्जका कर्मचारी झाङ युले भने–"पान्डाको यो उल्लेखनीय वृद्धिको मुख्य कारण चीनको तीव्र सुरक्षा प्रयास हो।"

पान्डा संरक्षणका लागि अक्टोबर २०२१ मा जाइन्ट पान्डा राष्ट्रिय निकुञ्ज स्थापना गरिएको थियो। "निकुञ्जले २२ हजार वर्ग किलोमिटरभन्दा बढी क्षेत्र ओगटेको छ र यसले करीब ७२ प्रतिशत जङ्गली विशाल पान्डालाई महत्त्वपूर्ण सुरक्षा प्रदान गर्दछ"–झाङले भने।सन् २०१२ देखि अहिलेसम्म विशाल पान्डाको वासस्थानको संरक्षित क्षेत्र १३,९०,००० हेक्टरबाट बढेर २५ लाख ८० हजार हेक्टर पुगेको छ, जसले जङ्गली पान्डाको जनसङ्ख्याको सुरक्षा र दिगो विकासलाई प्रभावकारीरूपमा कायम राखेको प्रशासनको तथ्याङ्कले देखाएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## भारतको महावाणिज्य दूतावास वीरगंज (नेपाल)



देवी सहाय मीणा
महावाणिज्यदूत

भारतीय महावाणिज्य दूतावास, वीरगंजको तर्फबाट म भारतको ७५औं गणतन्त्र दिवसको शुभ अवसरमा भारतीय समुदाय र नेपालमा रहेका भारतका मित्रहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। हामीले पछिल्लो समयमा धेरै कार्यक्रम आयोजना गरेका छौं, जसमा राम्रो सङ्ख्यामा यहाँहरूको उपस्थिति थियो। भारतीय महावाणिज्य दूतावासको कार्यक्रममा सहभागी भई सफल बनाउनुहुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौं।

महावाणिज्य दूतावासले नेपालमा भारतीय नागरिकलाई दर्ता प्रमाणपत्र जारी गर्दछ र आफ्नो क्षेत्राधिकारमा बस्ने भारतीय नागरिकका गुनासाहरू समाधान गर्न मासिक खुलामञ्चको आयोजना गर्दछ। हालसम्म २२ वटा यस्ता खुलामञ्चको आयोजना भइसकेको छ। मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्ला तथा बाग्मती प्रदेशका मकवानपुर र चितवन जिल्लामा बसोवास गर्ने सबै भारतीयलाई वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा दर्ता गराउन प्रोत्साहित गर्दछौं।

भारतीय महावाणिज्य दूतावास नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माण, दुई देशबीचको द्विपक्षीय व्यापारमा उत्प्रेरकको रूपमा काम गर्नुबाहेक नेपाली जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीलाई छात्रवृत्ति, विश्वसनीय संस्थालाई एम्बुलेन्स र बस उपलब्ध गराउनेलगायत क्षेत्रमा सहयोग गर्न प्रतिबद्ध छ। भारतका माननीय विदेशमन्त्रीज्यूको सन् २०२४ जनवरी ४ देखि ५ सम्मको नेपाल भ्रमणका क्रममा नेपालमा उच्च प्रभाव पार्ने सामुदायिक विकास परियोजनाहरू (HICDPs) कार्यान्वयनका लागि भारत सरकार र नेपाल सरकारबीच सम्झौता भएको थियो। नयाँ सम्झौतामा एचआइसिडिपी कार्यान्वयनका लागि बजेटको सीमा पहिलेको पाँच करोडबाट २० करोड रुपियाँसम्म बढाइएको छ। यो सम्झौताले नेपाली जनताको जीवन र भविष्यमा सुधारका लागि नेपालमा ठूला परियोजना कार्यान्वयन गर्न निश्चितरूपमा मार्ग प्रशस्त गर्नेछ।

वाणिज्य दूतावासले नेपाल र भारतका सीमावर्ती जिल्लाका जिल्ला प्रशासनहरूबीच समसामयिक हितका विषयमा भारत–नेपाल सीमा समन्वय बैठक आयोजना गर्दै आएको छ। सीमापार आपराधिक गतिविधि, लागूऔषध ओसारपोसार, विभिन्न प्रतिबन्धित सामानको ओसारपोसार, आतङ्ककारी तत्त्वको गतिविधि र मानव बेचबिखन नियन्त्रण आदि गर्न दुवै देशका प्रशासन र सीमा सुरक्षा बलबीच राम्रो समन्वय विकसित गर्न हालै जनकपुर, वीरगंज र रौतहटमा यस्ता बैठक सम्पन्न भएका छन्।

महावाणिज्य दूतावासले भारतको छोटो र लामो अवधिको भ्रमणका लागि विभिन्न निजी र सार्वजनिक यातायातका सवारीसाधनहरूलाई सवारी अनुमति प्रदान गर्दछ। वाणिज्य दूतावासले दुई देशबीच द्विपक्षीय व्यापारको विकास र सहजीकरण गर्न विभिन्न सरोकारवालाहरूसँग काम गर्दछ। महावाणिज्य दूतावासद्वारा भारत–नेपाल सेन्टर अफ पिएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज (PHDCCI) र वीरगंज चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज (BICCI)को सहकार्यमा 'भारत–नेपाल आर्थिक साझेदारी शिखर सम्मेलन २०२३' को दोस्रो संस्करणको आयोजना डिसेम्बर २०, २०२३ मा वीरगंजमा गरियो। शिखर सम्मेलनको प्राथमिक उद्देश्य प्रमुख आर्थिक क्षेत्रहरूमा व्यापार संलग्नताका नयाँ मार्ग खोल्नु थियो, जसले द्विपक्षीय व्यापारलाई महत्त्वपूर्ण प्रोत्साहन दिनेछ। महावाणिज्य दूतावासले दुई देशका व्यापारीहरूबीच व्यापार विवादमा मध्यस्थता पनि गर्दछ। महावाणिज्य दूतावासको प्रयासमा कोभिड–१९ को महामारीका कारण बन्द मटिअर्वा–आदापुर नाकाबाट सवारी आवागमन जनवरी १५, २०२४ देखि पुनः सुचारु भएको छ। त्यसैगरी, गौर–बैरगनिया नाका बिहान ६ देखि राति १० बजेसम्मको सट्टा बिहान ५ देखि राति ११ बजेसम्म खुला गर्न महावाणिज्य दूतावासले सरोकारवाला निकायसँग गरेको हस्तक्षेपपछि गौर–बैरगनिया सीमानाका जनताको माग पनि पूरा भएको छ।

भारतका माननीय विदेशमन्त्री डा एस जयशङ्करज्यूको नेपाल भ्रमणका क्रममा नेपाल र भारतका सरकारबीच दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर भएको छ। यस सम्झौता अन्तर्गत १० वर्षको अवधिमा नेपालबाट भारतमा हुने विद्युत् निर्यातको मात्रा १० हजार मेगावाटसम्म पुर्‍याउने र त्यसका लागि विद्युत् उत्पादन क्षेत्र र प्रसारण पूर्वाधार क्षेत्रमा पारस्परिक लाभकारी लगानी प्रोत्साहन गर्न आवश्यक सबै उपाय अवलम्बन गर्ने सहमति भएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले विकसित गरेको मुनाल सेटेलाइट प्रक्षेपणका लागि न्यू स्पेस इन्डिया लिमिटेड र नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजीबीच प्रक्षेपण सेवा सम्झौता पनि भएको छ। नेपाली विद्यार्थीहरूद्वारा विकास गरिएको यो भूउपग्रहलाई भारतीय प्रक्षेपण रकेटबाट निश्शुल्क प्रक्षेपण गरिनेछ। त्यसैगरी, एनटिपिसी लिमिटेड र नेपाल विद्युत् प्राधिकरणबीच नवीकरणीय ऊर्जा विकासमा सहयोग गर्ने समझौता पनि भएको छ। यस सम्झौताले NTPC र NEA बीच नवीकरणीय ऊर्जामा सहयोगको लागि एउटा रूपरेखा सिर्जना गर्दछ। भारतीय विदेशमन्त्री र उनका नेपाली समकक्षीद्वारा रक्सौल–परवानीपुर लाइनको दोस्रो सर्किट, कटैया–कुशाहा लाइनको दोस्रो सर्किट र नयाँ नौतनवा–मैनहैया लाइन गरी तीनवटा १३२ केभी क्रस बोर्डर प्रसारण लाइनको संयुक्तरूपमा उद्घाटन गरियो।

भारत आफ्नो 'छिमेकी पहिलो' नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई अत्यन्तै महत्त्व दिन्छ र विभिन्न पहलमार्फत नेपालको जनतालाई सहयोग जारी राख्नेछ। महावाणिज्य दूतावास दुई सरकारबीचको सम्बन्धलाई थप मजबूत बनाउन नजीकबाट काम गर्न तत्पर छ।

जय हिन्द, जय नेपाल
वीरगंज (नेपाल)
जनवरी २६, २०२४

## दादुरा–रुबेलाविरुद्धको खोप फागुन दोस्रो सातादेखि

काठमाडौं, ११ माघ/रासस

सरकारले आगामी फागुन दोस्रो सातादेखि देशभरि दादुरा–रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ। दादुरा–रुबेला सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै फागुन १३ देखि चैत ७ गतेसम्म करीब ५७ लाख बालबालिकालाई खोप लगाउने लक्ष्य छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नौ महीनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई दादुरा–रुबेलाविरुद्धको खोप दिन लागेको हो। स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार भारतसँग सीमा जोडिएका दादुरा–रुबेलाबाट अतिसङ्क्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुरका सबै बालबालिकालाई उक्त खोप लगाइनेछ।

"बाँकी ५१ जिल्लाका बालबालिकालाई पनि खोप अभियानमा सहभागी गराइनेछ," प्रमुख डा गौतमले भने। जाजरकोट र रूकुम पश्चिममा भने यसअघि नै खोप अभियान सञ्चालन गरिएको थियो। फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियानका क्रममा नियमित छुटेका खोप पनि बालबालिकालाई लगाइने उनले बताए।

परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले सरकारले सन् २०२६ सम्म दादुरा–रुबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न लागिएको बताए। दादुरा–रुबेला सबैभन्दा बढी सङ्क्रामक रोग हो। एक व्यक्तिले १८ जनासम्म यो रोग सार्न सक्छ। "दादुरा–रुबेला बढी सङ्क्रामक हुन्छ," खोप शाखा प्रमुख डा गौतमले भने, "त्यसैले यस वर्ष देशभरि नै खोप अभियान सञ्चालन गर्न थालेका छौं।"

## १०४ जना बन्दकर्ता पक्राउ

प्रस, जनकपुरधाम, ११ माघ/

आम जनता पार्टीले गरेको मधेस प्रदेश बन्दको क्रममा विभिन्न जिल्लाबाट १०४ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिएका छन्।

बिहीवार बिहानैदेखि बन्द गराउँदै हिंडेका उनीहरूलाई प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरेको हो। धनुषाबाट ६७, रौतहटबाट ३२ र पर्साबाट पाँचजना पक्राउ परेको उनले बताए। आजपाले मधेस बन्द गरे पनि त्यसको खासै प्रभाव भने मधेसका जिल्लाहरूमा परेको छैन।

### नेप्से ...

सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने सिटिजन्स म्युचुअल फन्ड–२ को शेयर मूल्य पाँच दशमलव ०३ प्रतिशतले घटेको छ।

बिहीवार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स कम्पनीको कारोबार भएको छ। यो कम्पनीको रु २८ करोड ६७ लाख बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने ङ्यादी ग्रुप पावर लिमिटेडको पाँच लाख ९९ हजार ७६१ कित्ता शेयर किनबेच भएका छन्।

### उपत्यकामा ...

५९,८५७ बढी भाडामा २१४, नो हर्नमा ६,२७० ओभरलोडमा ३,३३७ सवारी साधनलाई कारबाई गरेको छ।

मुलुकभर सवारी दुर्घटना बढेपछि सरकारले यातायात क्षेत्रको समग्र अवस्था अध्ययन गर्न नेपाल सरकारका पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा 'यातायात सुधार सुझाव कार्यदल' निर्माण गरेको थियो।

उक्त कार्यदलले झन्डै एक वर्ष लगाएर मुलुकको यातायात क्षेत्रको समग्र अवस्था अध्ययन गरेर सरकारलाई सुझाव हस्तान्तरण गरिसकेको छ। उक्त कार्यदलको प्रतिवेदन अनुसार सडक यातायात दुर्घटनाको प्रमुख जोखिम क्षेत्र नै हो। नेपालमा प्रत्येक वर्ष करीब तीन हजार सर्वसाधारणको सवारी दुर्घटनामा परी ज्यान जाने गरको प्रतिवेदनले औंल्याएको छ। प्रत्येक दिन नेपालमा औसत आठ जनाको मृत्यु दुर्घटनाबाट भएको प्रतिवेदनमा उल्लेख छ। सडक दुर्घटनामा सबैभन्दा बढी कम उमेर समूह १५ देखि २९ वर्षसम्मका सर्वसाधारणको ज्यान जाने गरेको तथ्य पनि प्रतिवेदनमा छ। दुर्घटनामा संलग्न सवारी साधनमा मोटरसाइकलको हिस्सा सबैभन्दा धेरै ५०.७२ प्रतिशत छ।

दुर्घटनाबाट मृत्यु हुनेमा युवा समूह बढी रहेको उक्त तथ्याङ्कले पुष्टि गरेको छ। नेपालमा बर्सेनि सडक दुर्घटनामा परी घाइते हुनेको सङ्ख्या ११ हजारभन्दा बढी रहेको छ। उक्त सङ्ख्या प्रत्येक वर्ष वृद्धि भइरहेको प्रतिवेदनले औंल्याएको छ। काठमाडौं महानगरपालिकाका यातायात विज्ञ जगतमान श्रेष्ठ ९० प्रतिशतभन्दा बढी दुर्घटना मानवीय कारणले हुने गरेको बताउँछन्। "चालक, पैदलयात्रु र यात्रुका कारण धेरै दुर्घटना हुने गरेका छन्"–उनी भन्छन्।

काठमाडौं उपत्यकामा भने साँघुरो बाटो र तीव्र गतिका कारण बढी दुर्घटना हुने गरेको उनको भनाइ छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट काठमाडौं उपत्यकाभित्र (काठमाडौं, भक्तपुर र ललितपुर) को सवारी व्यवस्थापनका लागि प्रहरी नायब महानिरीक्षक (डिआइजी)को नेतृत्वमा १८०० ट्राफिक प्रहरी परिचालित छन्। हाल देशभर ४० लाखभन्दा बढी सवारी साधन सञ्चालनमा छन्। तीमध्ये काठमाडौं उपत्यकामा मात्र झन्डै १८ देखि २० लाख सवारी साधन सञ्चालनमा रहेको तथ्याङ्क छ।

WARM WISHES
FROM
Pristine Valley Dryport Pvt Ltd
Passion on Move
Sirsiya Drypot, ICD Birgunj, Parsa, Nepal
ON THE OCCASION OF
India's 75th Repulic Day

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – ईश्वरभक्ति | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# मधेस प्रदेशः राष्ट्रियसभा सदस्य निर्वाचन सम्पन्न

जनकपुरधाम, ११ माघ/रासस

राष्ट्रियसभा सदस्य निर्वाचन अन्तर्गत मधेस प्रदेशमा दुई पदका लागि बिहीवार मतदान सम्पन्न भएको छ।

आज बिहान ९ देखि दिउँसो ३ बजेसम्म भएको निर्वाचनमा ३७४ मतदातामध्ये ३७३ जनाले मतदान गरेको प्रदेश निर्वाचन कार्यालयका निमित्त प्रमुख नवीन चौधरीले जानकारी दिए।

मधेस प्रदेशसभाका १०७ सदस्यमध्ये १०६ जना र स्थानीय तहका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षतर्फ २६७ जनाले मतदान गरेको चौधरीले बताए।

मतदान सम्पन्न भएकाले आजै केहीबेरमा मतगणना गर्नेगरी सर्वदलीय



मतदान गर्दै मुख्यमन्त्री यादव। तस्वीरः रासस

बैठकको तयारी भएको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं ४ स्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा मतदान केन्द्र र मतगणनाको व्यवस्था गरिएको छ। अन्य (खुला) र महिलातर्फका दुई सदस्यका लागि पाँचजना प्रतिस्पर्धामा छन्। दुई सदस्यमध्ये अन्य समूहमा नेपाली काङ्ग्रेसबाट आनन्दप्रसाद ढुङ्गाना (धनुषा), नेकपा (एमाले)बाट कुमारी विजेता झा (धनुषा) र जनमत पार्टीबाट रामशङ्कर महासेठ (धनुषा)को उम्मेदवारी छ भने महिला समूहमा एमालेबाट उषादेवी थरुनी (पर्सा), जनता समाजवादी पार्टी (जसपा)बाट पूजा चौधरी (रौतहट) उम्मेदवार छन्।

# चीसोले विद्यार्थीहरूलाई पढ्न गाह्रो



हवाङ परेको झ्याल र ढोका भएका कक्षाकोठामा पढ्दै विद्यार्थी। तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, ११ माघ/

अत्यधिक चीसोका कारण पर्साका सामुदायिक विद्यालयको पठनपाठनमा समस्या भएको छ।

शीतलहर र हुस्सुका चीसो बढेपछि विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या पनि न्यून भएको छ।

पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाले चीसो बिदा दिए पनि चीसो नघटेपछि ती पालिकाहरूले विद्यालयमा पठनपाठन शुरू गराएका छन्।

विद्यालयमा आएका विद्यार्थीहरूले न्यानो कपडा नलगाउँदा उनीहरूमा रुघाखोकी, टाउको दुख्ने जस्ता लक्षण देखिएका सखुवाप्रसौनीका अभिभावक प्रभु यादवले बताएका छन्।


## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

क्यान्सर रोगका कारणः
- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदूषित वायुमण्डल,
- तारेको, झानेको तथा फास्ट फूड एवं जङ्क फूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्छ।

यसबाट बच्न,
- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फास्ट फूड एवं जङ्क फूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारीरिक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं।
- स्वस्थ रहौं, दीर्घ जीवनयापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## सामान लोड ट्रक नियन्त्रण

प्रस, वीरगंज, ११ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी लत्ताकपडा, हार्डवेयरलगायतका सामानहरू लोड ट्रक नियन्त्रणमा लिएको छ।

वीरगंज महानगरपालिका–१४ गण्डकचोकमा प्रहरीले ना.६ख ८३०५ नम्बरको ट्रक चेकजाँच गर्दा अनलाइन बीजकमा उल्लिखित परिमाणभन्दा बढी सामान लोड भएको पाइएपछि अनुसन्धानको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको जिप्रका, पर्साले जनाएको छ।

## समाजवादी ....

नवीकरण भइसकेको र इच्छुक नयाँ सदस्यहरूले सदस्यता लिएकामा उनीहरूलाई पनि सहभागी गराइ सम्मेलन भव्यतापूर्वक सम्पन्न गर्ने सम्मेलन आयोजक कमिटीका संयोजक आसमहमद मियाँले बताए।

सम्मेलनमा साङ्गठनिक तथा आर्थिक प्रतिवेदनमाथि छलफल भएपछि नयाँ नेतृत्वको चयन हुने संयोजक मियाँले बताए।

# खेलकूदको संसार

## एनआई कप क्रिकेटः ग्लोबल बिजनेश कलेज फाइनलमा

प्रस, वीरगंज, ११ माघ/

नेशनल इन्फोटेक (एनआई) कप क्रिकेट प्रतियोगिताको फाइनलमा आयोजक नेशनल इन्फोटकसँग ग्लोबल बिजनेश क्लब



तस्वीरः सजल श्रेष्ठ

भिड्ने भएको छ। नारायणी क्रिकेट मैदानमा बिहीवार भएको दोस्रो तथा अन्तिम सेमिफाइनलमा ग्लोबल बिजनेश क्लबले वीरगंज पब्लिक कलेजलाई २८ रनअन्तरले पराजित गरी फाइनलमा प्रवेश गरेको छ। अब ग्लोबल बिजनेश कलेजले फाइनलमा आयोजक नेशनल इन्फोटेक कलेजसँग भिड्नेछ।

आजको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै ग्लोबल बिजनेश कलेजले निर्धारित २० ओभरको खेलमा सबै विकेट गुमाएर ११६ रन बनाएको थियो। ग्लोबलका ऋतिक पटेलले ३६, सिकन्दर साहले २२ र साहिल सर्राफले १७ रन बनाएका थिए। बिपिसीका यदुवंशी बैठाले तीन विकेट र सन्दीप सिंहले दुई विकेट लिए।

११७ रनको विजयी लक्ष्य पाएको बिपिसी १८ ओभरमा सबै विकेट गुमाएर ८८ रनमा समेटियो। बिपिसीका अशरफ हुसेनले २१, यदुवंशी बैठाले १४ र अरशाद हुसेनले ११ रन बनाए। ग्लोबलका विवेक यादवले चार विकेट, सुजल सर्राफले तीन र अनुज पटेलले दुई विकेट लिए। यस सेमिफाइनल खेलका 'म्यान अफ दी म्याच' ग्लोबलका विवेक यादव घोषित भए। उनलाई वडा प्रहरी कार्यालय, श्रीपुरका प्रनि धर्मजङ्गले पुरस्कृत गरेका थिए।

प्रतियोगिताको फाइनल खेल शनिवार नारायणी क्रिकेट मैदानमा बिहान ११ बजे खेलिने एनआई कलेजका प्रबन्ध निर्देशक मनीष सिंहले बताए।

## प्रधानमन्त्री कप क्रिकेट : बाग्मती र एपिएफ विजयी

काठमाडौं, ११ माघ/रासस

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा बिहीवार बाग्मती प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ। बाग्मतीले सुदूरपश्चिमलाई ९७ रनले हराएको हो।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा आज टस हारेपछि पहिला ब्याटिङको निम्तो पाएको बाग्मतीले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २४७ रनको योगफल बनायो। जीतका लागि २४८ रनको लक्ष्य पाएको सुदूरपश्चिम प्रदेशको पारी ३० दशमलव तीन ओभरमा १५० रनमा समेटियो। बाग्मतीका लागि आशुतोष घिरैयाले सर्वाधिक ५४ रनको योगदान दिए। उनले ६२ बलमा छ चौका र तीन छक्का प्रहार गरे। त्यसैगरी, कप्तान रीत गौतमले ६१ बलमा नौ चौकासहित ४४ रन जोडे। अशोक पौडेलले ३१, सोनु देवकोटाले २८, रविन जोशीले २४, प्रतीश जिसीले १७, विपिन आचार्यले १२, सूर्य तामाङले नौ तथा इशान पाण्डेले दुई रन बनाए।

बलिङतर्फ सुदूरपश्चिमका शेर मल्ल र नारायण जोशीले तीन, विकाश आग्रीले दुई तथा मिलन बोहराले एक विकेट लिए। सुदूरपश्चिमका लागि ब्याटिङ गर्ने क्रममा नरेन भट्टले ४१, किरण ठगुन्नाले ४१ तथा खड्ग बोहोराले २१ रन बनाए। अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

बलिङतर्फ बाग्मतीका सूर्य तामाङ र विपिन आचार्यले तीन/तीन तथा रिजन ढकाल, कृजन गुरुङ र सोनु देवकोटाले एक/एक विकेट लिए। जीतसँगै आठ खेल खेलेको बाग्मतीले १० अङ्क जोडेको छ। बाग्मती अङ्कतालिकाको दोस्रो स्थानमा उक्लिएको छ। छ खेल खेलेको सुदूरपश्चिमको भने आठ अङ्क छ। सुदूरपश्चिम अङ्कतालिकाको पाँचौं स्थानमा झरेको छ।

यसैगरी, प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको खेलमा एपिएफ क्लबले लुम्बिनी प्रदेशलाई पराजित गरेको छ। एपिएफ क्लबले लुम्बिनीलाई सात विकेटले हराएको हो।

रूपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको लुम्बिनीले ४१ ओभर सबै विकेट गुमाएर १३३ रन बनाएको थियो।

उसका लागि दिलशाद अलीले अविजित ३९ रन बनाए। यस्तै, मृणाल गुरुङले ३४ तथा विराट भण्डारीले २३ रन बनाए। बलिङतर्फ एपिएफका रमेश कुर्मीले पाँच, भुवन कार्कीले तीन तथा रोहितकुमार पौडेल र मौसम ढकालले एक/एक विकेट लिए। १३४ रनको विजयी लक्ष्य एपिएफ क्लबले २२ दशमलव तीन ओभरमा तीन विकेटको क्षतिमा प्राप्त गर्‍यो। एपिएफ क्लबका लागि कप्तान रोहितकुमार पौडेलले अर्धशतकीय पारी खेले। उनले ५२ रन बनाए। यस्तै, पुरन विकले अविजित ३३ तथा लोकेश बमले १६ रन बनाए।

बलिङतर्फ लुम्बिनीका महमद हुसेन, कृष्ण कार्की र एकलाख अहमद खाँले एक/एक विकेट लिए। रमेश कुर्मी खेलको 'म्यान अफ दी प्लेयर' घोषित भए। समापन कार्यक्रममा नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले राष्ट्रिय प्रतियोगिता काठमाडौंबाहिर गर्न क्यान प्रतिबद्ध रहेको बताए। भविष्यमा देशका अन्य शहरमा पनि प्रतियोगिता आयोजना गर्दै जाने उनले बताए।


गणतन्त्र दिवसको शुभकामना



भारतको ७५औं गणतन्त्र दिवसको अवसरमा हार्दिक मङ्गलमय शुभकामना।

JAGDAMBA STEEL देशको मेरुदण्ड

जगदम्बा स्टील प्रा. लि.
जीतपुरसिमरा उपमहानगरपालिका, बारा


## रौतहटबाट ३२ जना पक्राउ

प्रस, रौतहट, ११ माघ/

आम जनता पार्टीद्वारा गरिएको मधेस बन्दको क्रममा रौतहटका विभिन्न स्थानबाट ३२ जना नेता, कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ।

सडकमा टायर बालेर बन्द गराउन खोज्दा जिल्लाका विभिन्न स्थानबाट ३२ जना प्रदर्शनकारीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटका सूचना अधिकारी एलिजा गिरीले बताएकी छन्।

रौतहटमा यातायात निर्बाधरूपमा सञ्चालनमा रहेको बताउँदै सूचना अधिकारी गिरीले मधेस बन्दको प्रभाव रौतहटमा न्यून रहेको बताइन्।

गौर बजार पूणरूपमा खुला रहेको थियो भने मौलापुर बजार बन्द रहेको थियो।